# भूपरिवेश अध्ययन प्रतिवेदन
# गौरीगंगा नगरपालिका, कैलाली



राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल
National Land Right Forum Nepal

| | |
|---|---|
| **दस्तावेज** | : भूपरिवेश अध्ययन प्रतिवेदन, गौरीगंगा नगरपालिका, २०८२ |
| **सर्वाधिकार** | : © राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल |
| **अध्ययनमा संलग्न** | : लक्ष्मण बि.क, अनुपा चौधरी, सुरेन्द्र बि.क., प्रेम सिंह बि.क. वसन्ती सूर्जा मगर चौधरी, टेक बि.क.टेकेन्द्र सिंजाली मगर |
| **प्रतिवेदन लेखन** | : कुमार थापा |

# विषयसूची


सारांश ........................................................ ५

**खण्ड १ : अध्ययनको परिचय, औचित्य र उद्देश्य ........................ ७**

१.१ परिचय ........................................................ ७

१.२ मुख्य उद्देश्य ........................................................ ८

१.३ अध्ययनको औचित्य र महत्व ........................................................ ८

१.४ अध्ययन विधि र प्रक्रिया ........................................................ ९

१.५ अध्ययनको क्षेत्र र सीमा ........................................................ १०

**खण्ड २ : कार्यक्षेत्रको भूपरिवेश ........................................................ ११**

२.१ भूमिमा पहुँच र भूसम्बन्ध ........................................................ ११

२.२ भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायको अवस्था ........................ १२

२.३ भूमिमा लैङ्गिक समानता ........................................................ १३

**खण्ड ३: सामाजिक, जनसाङ्ख्यिक तथा भूस्वामित्व एवं भोगचलनको अवस्था ....१४**

३.१ अध्ययन गरिएका पालिकाको घर/परिवार तथा जनसङ्ख्या ........................ १४

३.२ घरमूलीको विवरण ........................................................ १६

३.३ जाति, जनजातिको विवरण ........................................................ १७

३.४ घरका प्रकार ........................................................ १८

३.५ भूमिसम्बन्धी विवरणहरू ........................................................ १८

३.५.१ भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी ............... १९

३.५.२ जमिनको स्वामित्व ........................................................ २०

३.५.३ महिलामा भूस्वामित्व ........................................................ २१

३.५.४ बिचल्लीमा आरक्ष पीडित ........................................................ २१

३.५.५ अधिया/बटैया ........ २२

३.५.६ विपद्को कहर भोग्दै विस्थापीत ........ २२

३.६ खाद्य सुरक्षा ........ २३

**खण्ड ४: भूउपयोग तथा जलवायस परिवर्तनले भूमि-कृषि क्षेत्रमा पारेको प्रभाव...२४**

४.१ भूमिको वर्गिकरण र उपयोग ........ २४

४.२ भूउपयोगको संस्कार, संकृति तथा सामुदायिक चालचलन ........ २६

४.३ भूमि-कृषि क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव ........ २७

**खण्ड ५: कृषि उत्पादन र उपभोगसम्बन्धी विवरण ........ २९**

५.१ सङ्लग्न कृषिको प्रकार ........ ३०

५.२ कृषि उत्पादन र उपभोग ........ ३१

५.३ कृषक समूहको विवरण ........ ३४

५.४ कृषि बालीमा लाग्ने किरा ........ ३४

५.५ कृषि पकेट क्षेत्रको विवरण ........ ३५

५.६ जग्गाको उर्वराशक्ति ........ ३५

**खण्ड ६: मुख्य सवाल, सिफारिस र निष्कर्ष ........ ३६**

६.१ मुख्य सवाल ........ ३६

६.२ निष्कर्ष ........ ४०

**अनुसूचीहरू ........ ४२**

**सन्दर्भ सामग्री ........ ४८**

# साराशं

गौरीगंगा नगरपालिका नेपालको कैलाली जिल्लामा अवस्थित एक मिश्रित जातीय, सांस्कृतिक र भौगोलिक संरचनायुक्त क्षेत्र हो । यहाँको कुल क्षेत्रफल २४४.४४ वर्ग किलोमिटर रहेको छ, जसमा करिब ४७.९% जमिन खेतीयोग्य छ भने ४४.६५% वन क्षेत्रले ओगटेको छ। कृषि यहाँको प्रमुख जीविकोपार्जन स्रोत हो, जहाँ धान, गहुँ, मकै, तोरीजस्ता बालीहरू उत्पादन हुन्छन् । वन क्षेत्र, चरन भूमि, नदी तथा जलाशयहरू जैविक विविधता र समुदायको जीवनशैलीमा महत्वपूर्ण भूमिका खेल्छन् ।

भूमि यहाँको नागरिक जीवनको आधार भएकोले यसको पहुँच सामाजिक, आर्थिक र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको छ । गौरीगंगा नगरपालिकामा जमिन स्वामित्व विभिन्न रूपले पाइन्छ, निजी स्वामित्व, अव्यवस्थित बसोबास, सामुदायिक वन, सरकारी तथा सार्वजनिक जग्गा । यद्यपि अझै पनि ठूलो संख्यामा परिवारहरू भूमिस्वामित्वबाट वञ्चित छन् । २०८२ सालसम्मको तथ्यांक अनुसार करिब २,३२४ परिवार भूमिहीन रहेका छन् । उनीहरूमध्ये धेरैसँग जमिन त छ, तर कानुनी कागजात नभएकाले अधिकारबाट वञ्चित छन् । शहरीकरण र सिमसार क्षेत्रमा अव्यवस्थित बसोबासका कारण भूमि उपयोगमा अस्पष्टता बढेको छ ।

विशेषगरी दलित, थारू, सुकुमबासी, मुक्त कमैया-कमलरी लगायत सीमान्तकृत वर्गहरू भूमिसम्बन्धी अधिकारमा अझै कमजोर छन् । यी समुदायले प्रायः सरकारी वा सार्वजनिक जग्गामा अस्थायी रूपमा बसोबास गर्दै आएका छन्, जसले उनीहरूलाई सामाजिक सुरक्षा, कर्जा सुविधा र सरकारी सेवाबाट वञ्चित बनाएको छ। यसले दीर्घकालीन गरीबी र निर्भरता निम्त्याएको छ ।

भूमिमा लैङ्गिक समानता अझै चुनौतीपूर्ण छ । कानुनी रूपमा महिलाको नाममा लालपुर्जा दर्ता गर्ने व्यवस्था भए पनि व्यवहारमा महिलाको भूस्वामित्व न्यून छ। परम्परागत सामाजिक संरचनाका कारण अधिकांश जमिन पुरूषकै नाममा दर्ता हुन्छ। महिला किसानहरूले जमिनमा मेहनत गरे पनि स्वामित्व नपाउने कारण उनीहरूको आर्थिक सुरक्षा र निर्णय क्षमतामा बाधा आउँछ । दलित, आदिवासी र एकल महिलाहरूमा यो समस्या अझ गम्भीर छ । महिला भूमिस्वामित्वको अनुपात यहाँ ११.७ प्रतिशत मात्र छ, जुन समग्र विकासका लागि अपर्याप्त छ। यस विषयमा चेतना अभिवृद्धि, नीति प्रवर्तन र सामाजिक परिवर्तन आवश्यक देखिन्छ।

नगरपालिकामा करिब ६४,५५८ जनसंख्या रहेको छ, जसमा बाहुन-क्षेत्री ४६%, थारू २८.४%, र दलित १९% छन्। घरपरिवार संख्या १३,७८१ रहेको छ, जसमा पुरूष घरमुलीको अनुपात ७३.९६% र महिला घरमुली २६.०४% रहेको छ । घर निर्माणमा पनि भौगोलिक, आर्थिक र सांस्कृतिक विविधता देखिन्छ। ग्रामीण र गरिब क्षेत्रहरूमा माटो, फुस र बाँसजस्ता परम्परागत सामग्रीबाट बनेका घरहरू बढी छन्, जुन प्रायः विपद्को जोखिममा रहेका छन् ।

नगरपालिकामा भूमिसम्बन्धी समस्या जटिल र बहुआयामिक छन् । सबैभन्दा ठूलो समस्या स्वामित्वमा असमानता हो । लामो समयदेखि सुकुमबासी, दलित, थारू र अन्य विपन्न वर्ग भूमिहीन वा लालपुर्जाविहीन रहँदा सरकारी सेवा र आर्थिक अवसरबाट वञ्चित छन् । अभिलेख र नक्सांकन प्रणाली अपूर्णता, दोहोरो स्वामित्व विवाद र सीमा झगडाले न्यायिक प्रक्रियामा जटिलता ल्याएको छ । अव्यवस्थित शहरीकरण र बस्ती विस्तारले कृषियोग्य जमिन कम हुँदै खाद्य सुरक्षा चुनौतीमा परेको छ । अधिया/बटैया प्रणालीले पनि कृषकहरूलाई सामाजिक तथा आर्थिक रूपमा शोषण गरेको छ । साथै, विस्थापित परिवारहरूको पुनर्वास नीति अस्पष्ट रहेकोले उनीहरूको जीवनस्तर सुधारमा बाधा उत्पन्न भएको छ ।

मनसुन र वर्षाका समयमा नगरपालिकाका विभिन्न नदीहरूमा बाढी, डुबान र कटान बढी हुने गरेको छ । यी प्राकृतिक विपद्ले धेरै परिवार विस्थापित बनेका छन् । वन अतिक्रमण, जमिन अभाव, र पुनर्वासको कमीले विस्थापन समस्या जटिल बनाएको छ । यसले बस्ती जोखिममा पर्नुका साथै कृषकको उत्पादन र आम्दानीमा नकारात्मक प्रभाव पारेको छ ।

जलवायु परिवर्तनका कारण वर्षाको अस्थिरता, तापक्रम वृद्धि, कीरा र रोगको प्रकोप, सिँचाइमा समस्या र भूक्षय बढेको छ । यसले परम्परागत कृषि प्रणालीमा असर पुऱ्याउँदै उत्पादन घटाएको छ । कृषकहरू नयाँ नगदे बालीतर्फ आकर्षित भए पनि जलवायुको अनिश्चितताले समस्या बढाएको छ । सिँचाइ स्रोतहरूको सुकाइले पनि कृषिमा चुनौती थपेको छ । यी सबै कारणले खाद्य सुरक्षा जोखिममा परेको छ ।

भूमि वर्गीकरण अनुसार कृषि उपयुक्त जमिन, वन क्षेत्र, जलक्षेत्र र आवासीय क्षेत्रबीच सन्तुलन देखिन्छ । गौरीगंगा नगरपालिका परम्परागत भूउपयोग र सांस्कृतिक संस्कारमा आधारित छ । थारू समुदायमा भूमिप्रति आध्यात्मिक सम्मान र सामुदायिक सहकार्य कायम छ । तर शहरीकरण र आधुनिकरणले परम्परागत प्रणालीमा परिवर्तन ल्याइरहेको छ ।

नगरपालिकाले जल संरक्षण, सिँचाइ प्रविधि विकास, किसान प्रशिक्षण र सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । दीगो भूउपयोग र जलवायु अनुकूल कृषि अभ्यासको प्रवर्द्धन अत्यावश्यक छ । साथै भूमिसम्बन्धी अधिकार सुनिश्चितता, विशेष गरी महिला र सीमान्तकृत समुदायमा भूमिस्वामित्व वृद्धि, उचित अभिलेख व्यवस्थापन, विस्थापितहरूको पुनर्वास र खाद्य सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

# खण्ड : १

## अध्ययनको परिचय, औचित्य र उद्देश्य

### १.१ परिचय

गौरीगंगा नगरपालिका सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो, जसको भौगोलिक, सामाजिक, आर्थिक र पर्यावरणीय पृष्ठभूमि बहुआयामिक विशेषताले भरिएको छ। स्थानीय तह पुन:संरचनापछि गठन गरिएको यो नगरपालिका पूर्वमा घोडाघोडी नगरपालिका, पश्चिममा धनगढी उपमहानगरपालिका र गोदावरी नगरपालिका, उत्तरमा चुरे तथा मोहन्याल गाउँपालिका, र दक्षिणमा कैलारी गाउँपालिकासँग सीमा जोडिएको छ।

यो नगरपालिका मुख्यत: समथर भूभागमा फैलिएको भए पनि उत्तरतर्फ चुरे क्षेत्र विस्तार भएको छ, जसले भू-आकृतिक विविधता सिर्जना गरेको छ। जमिनको स्वरूप प्राय: समथर भए तापनि चुरे क्षेत्रमा केही भाग भिरालो छन्। यस्ता विविध भू-आकृतिहरूले जलाधार व्यवस्थापन, भू-संरचना, जमिन कटान, बाढी, तथा कृषि प्रणालीमा प्रत्यक्ष प्रभाव पार्ने गरेका छन्।

गौरीगंगाको पर्यावरणीय सन्दर्भमा चुरे क्षेत्रको वनजंगल, जैविक विविधता तथा वन्यजन्तु संरक्षण अत्यन्त महत्वपूर्ण पक्ष हुन्। तर, बढ्दो मानव बस्ती, वन क्षेत्रमाथिको अत्यधिक दबाब, बगर क्षेत्रको अन्धाधुन्ध दोहन, अवैज्ञानिक निर्माण अभ्यासहरू र जलवायु परिवर्तनका असरहरूले वातावरणीय सन्तुलनमा गम्भीर चुनौती खडा गरिरहेका छन्। वन विनाश र अव्यवस्थित भू-उपयोगका कारण बाढी, सुख्खा, भूक्षय र भूस्खलनजस्ता प्राकृतिक जोखिमहरू बढ्दो अवस्थामा छन्।

नगरपालिकाको भूपरिवेश अध्ययनले दीगो विकासका दृष्टिकोणबाट ठोस योजना बनाउन, जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन गर्न, विपद् जोखिम व्यवस्थापनमा रणनीति निर्माण गर्न तथा भूमि र प्राकृतिक स्रोतहरूको संरक्षण र उपयोगमा मार्गनिर्देशन गर्न महत्वपूर्ण योगदान दिन सक्छ। यस्तो अध्ययन नीति निर्माणकर्ता, योजना निर्माताहरू, अनुसन्धानकर्ता तथा स्थानीय तहका सरोकारवालाहरूका लागि उपयोगी स्रोत बन्नेछ।

यस अध्ययन प्रतिवेदनले स्थानीय सरकारले तय गर्ने नीति तथा कार्यक्रममा भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबास गरिरहेका परिवारहरूको व्यवस्थापन तथा

उनीहरूको अधिकार स्थापित गर्न सहयोग पुऱ्याउनेछ । साथै, भू-उपयोगको विस्तृत योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक आधारभूत सूचना र विश्लेषण यस प्रतिवेदनबाट प्राप्त गर्न सकिनेछ ।

गौरीगंगा नगरपालिकाको भूपरिवेशीय विश्लेषणले समावेशी, वातावरणमैत्री र दीगो स्थानीय विकासको लागि आधार निर्माण गर्ने अपेक्षा गरिएको छ ।

## १.२ मुख्य उद्देश्य

गौरीगंगा नगरपालिकाको भूमि-कृषि अध्ययनले भूमि अधिकारबाट बञ्चित समुदायहरूको पहिचान, भू-उपयोगको वर्तमान अवस्थाको विश्लेषण, कृषि प्रविधि तथा सेवामा पहुँचको अवलोकन, र जलवायु परिवर्तनका असरहरूको मूल्याङ्कन गरी भू-उपयोग योजना निर्माण र दीर्घकालीन कृषि नीतिको तर्जुमा गर्न सहयोग पुऱ्याउने लक्ष्य राखेको छ । अध्ययनका विशेष उद्देश्यहरू निम्नानुसार छन्:

- भूमि अधिकारबाट बञ्चित व्यक्तिहरूको अवस्था स्पष्ट पहिचान गरी उनीहरूको अधिकार सुनिश्चित गर्न स्थानीय सरकारलाई आवश्यक मार्गनिर्देशन र सहयोग प्रदान गर्ने ।
- जलवायु परिवर्तन, वर्षा, तापक्रम, बाढीजस्ता वातावरणीय तत्वहरूले कृषि प्रणालीमा पार्ने प्रभावहरूको विश्लेषण गर्ने ।
- अध्ययनबाट प्राप्त नतिजाका आधारमा नगरपालिकाको भू-उपयोग योजना, दीर्घकालीन कृषि नीति, कार्ययोजना र बजेट व्यवस्थापन प्रक्रियामा वैज्ञानिक र व्यावहारिक आधार प्रदान गर्ने ।
- भूमि उपयोगमा न्यायसंगत स्वामित्व सुनिश्चित गर्न, साथै महिला र युवा वर्गको संलग्नता वृद्धि गर्न आवश्यक रणनीतिक सुझावहरू प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको औचित्य र महत्व

यस अध्ययनको प्रमुख औचित्य भूमि अधिकारबाट वञ्चित समुदायको पहिचान गरी उनीहरूको हक र पहुँच सुनिश्चित गर्नु हो, जुन समावेशी विकास र सामाजिक न्यायको आधारशिला हो । नगर क्षेत्रभित्र कृषि योग्य, आवासीय, वन, जलाशय तथा अन्य किसिमका भूमिको वर्तमान उपयोग अवस्थाको विश्लेषण नगरको दीर्घकालीन योजना निर्माण तथा स्रोत व्यवस्थापनमा मार्गदर्शन प्रदान गर्नेछ ।

यस अध्ययनमार्फत कृषकहरूले प्रयोग गर्दै आएका प्रविधि, उपकरण, मल-बिउको उपलब्धता, सेवा प्रणालीमा पहुँच तथा सीमितता सम्बन्धी जानकारी संकलन गर्ने प्रयास गरिएको छ। जसले कृषिप्रणालीको सुधार तथा प्रवर्द्धनका लागि नीति निर्माणमा टेवा पुऱ्याउने विस्वास लिइएको छ। महिला र युवा वर्गको भूमिमा पहुँच र संलग्नताको मूल्याङ्कन गर्दै तिनीहरूको समावेशीकरणका उपायहरू पहिचान गर्नका लागि पनि अध्ययन प्रतिवेदनले सहयोग पुग्ने छ।

त्यसैगरी, जलवायु परिवर्तनको प्रभाव, भूमि उपयोगको प्रवृत्ति र कृषि उत्पादन क्षमताको अवस्था विश्लेषण गरी अनुकूल कृषि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न अध्ययनले आधार तयार पार्नेछ। स्थानीय तहको योजना, नीति, र बजेट निर्माण प्रक्रियामा तथ्यमा आधारित निर्णय लिन सहयोग पुग्ने भएकाले यो अध्ययनको आवश्यकता थियो।

## १.४ अध्ययन विधि र प्रक्रिया

अध्ययन अघि स्थानीय स्तरमा परिचालन हुने सहजकर्ताहरूको अभिमुखीकरण गरिएको थियो। यस प्रक्रियामा उनीहरूलाई अध्ययनको उद्देश्य, उपकरणको प्रयोग, सूचनाको प्रकार, समुदायसँगको संवाद विधि आदि विषयमा सीप तथा जानकारी प्रदान गरिएको थियो।

सहभागीतामूलक विधि र प्रक्रियामार्फत समुदायमा छलफल गरिएको थियो। जसमा स्थानिय स्रोत (जस्तैः पानी, माटो, वन) र सामाजिक संरचनालाई चित्रण गर्दै सामाजिक तथा स्रोत नक्शा तयार पारियो। यसले समुदायभित्रको सामाजिक पहुँच, उपयोग हुने स्रोत र सेवा प्रवाह प्रणालीबारे विश्लेषण गर्न सहयोग पुऱ्यायो।

उपलब्ध भूउपग्रह नक्साको प्रयोग गरी हालको भूमि उपयोगको अवस्थाको नक्सांकन गरियो। साथै, समुदायको परिकल्पना र आवश्यकतालाई ध्यानमा राखी भविष्यमा आवश्यक पर्ने भूमि उपयोगको सुझावसहितको वर्षिकरण नक्सा पनि तयार गरियो।

स्थानीय रूपमा लामो समयदेखि भूमि अधिकारको क्षेत्रमा काम गरिरहेका अगुवा, अभियानकर्ता र सङ्गठनबाट अनुभवजन्य तथा नीतिगत सूचनाहरू संकलन गरियो। यसले इतिहास, आन्दोलन र परिवर्तनको सन्दर्भमा गहन विश्लेषण गर्न मद्दत गऱ्यो।

संकलित सबै गुणात्मक तथा मात्रात्मक सूचनाहरूलाई व्यवस्थित रूपमा डिजिटल प्रणालीमा प्रविष्टि गरिएको थियो। त्यसपछि तिनीहरूको तुलनात्मक विश्लेषण, नक्सासँगको मिलान र प्रतिवेदन निर्माणको काम सम्पन्न गरियो।

## १.५ अध्ययनको क्षेत्र र सीमा

अध्ययन कैलालीको गौरीगंगा नगरपालिकामा केन्द्रित छ । गौरीगंगा नगरपालिकाका भूमिहीन, बाढी, ऐलानी, मुक्त कमैया, आरक्ष जस्ता समस्या बढी भएकाले यस अध्ययनले भूमि अधिकारबाट बञ्चित किसानको न्याय, भूमिको उपयोग, भूसम्बन्ध र जलवायु परिवर्तनले भूमि-कृषिमा पारेको असर पहिल्याउने प्रयास गरिएको छ । यो अध्ययनले यी क्षेत्र भन्दा बाहिरको जानकारी समेट्दैन ।

घरधुरी सर्वेक्षणमा आधारित नभएकाले यसमा प्रत्येक घरको जानकारी उपलब्ध छैन भने नगरबाट उपलब्ध तथ्याङ्कमा आधारित भएकाले कतिपय अवस्थामा यी तथ्याङ्क अध्ययनकर्ता र राष्ट्रियस्तरका अन्य अध्ययनसँग मेल नखान पनि सक्छ ।



# खण्ड : २

## कार्यक्षेत्रको भूपरिवेश

### २.१ भूमिमा पहुँच र भूसम्बन्ध

भूमि नागरिक जीवन, जीविकोपार्जन र सामाजिक संरचनाको मूल आधार हो । भूमिमा पहुँच र भूसम्बन्धका विषयहरू सामाजिक, आर्थिक र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएका छन् ।

नगरपालिका भित्र जमिनको स्वामित्व विविध ढाँचामा पाइन्छ । कागजी प्रमाण भएको निजी भूमि, परम्परागत रूपमा प्रयोग गरिँदै आएको अव्यवस्थित बसोबासको भूमि, सामुदायिक वन क्षेत्र, सरकारी र सार्वजनिक जमिन लगायत छन् । अझै पनि भूमि अधिकारबाट बञ्चितको संख्या ठूलो छ । विशेषत: सीमान्तकृत समूह, दलित, थारू समुदाय, विगतका बन्धुवा मजदुर र स्थानान्तरित परिवारहरू भूमिमा पहुँचको दृष्टिले कमजोर छन् ।

गौरीगंगा नगरपालिकाको कुल क्षेत्रफल २४४.४४ वर्गकिलो मिटरमध्ये ११७.२५ हेक्टर (४७.९%) जमिन मात्र खेतीका लागि उपयुक्त छ । ४४.६५ प्रतिशत क्षेत्र जङ्गल, नदीनाला, तालतलैया, आवासिय क्षेत्र, सडक आदीले ओगटेको छ ।[1]

भूमि आयोगको प्रारम्भिक विवरण अनुसार, २०८२ सालसम्म गौरीगंगा नगरपालिकामा २ हजा ३ सय २४ परिवार भूमिहनि छन् । तीमध्ये धेरैजसो परिवारसँग उपभोगको भूमि त छ तर कागजात छैन, जसले उनीहरूलाई कानुनी रूपमा अधिकारबाट वञ्चित बनाएको छ ।

शहरीकरण र सिमसार क्षेत्र आसपासको बसोबास विस्तारसँगै जमिन उपयोगको स्पष्टता हराउँदै गएको छ । धेरैजसो नागरिक वर्षौंदेखि बसोबास गरे पनि उनीहरूसँग कानुनी स्वामित्व (पुर्जा) छैन । भूमिसमबन्धी समस्या समाधान आयोगको २०८२ को

१ https://gaurigangamun.gov.np

प्रतिवेदन अनुसार १० हजार ५ सय ३५ परिवार अव्यवस्थित रूपमा बसोबास गर्दै आएका छन् ।

गौरीगंगा नगरपालिकाको वस्तुगत विवरण अनुसार यस पालिकामा ११.७ प्रतिशत घरपरिवारमा महिलाको घरजग्गामा स्वामित्व रहेको देखिन्छ ।

गौरीगंगा नगरपालिकामा भूमिमा पहुँच र भूसम्बन्ध अवस्था मिश्रित देखिन्छ । यहाँको ठूलो हिस्सा भूमिमा आश्रित भए पनि सबै नागरिकसँग भूमिको स्वामित्व छैन । विशेष गरी महिला, दलित, जनजाति तथा विपन्न समुदायहरू भूमि अधिकारबाट अझै वञ्चित छन् । कृषि प्रमुख पेशा भए पनि अधिकांश किसान साना तथा टुक्रे जग्गामा निर्भर छन्, जसका कारण उत्पादनमा सीमितता छ । भूमिहीन र अव्यवस्थित बसोबासीहरू सरकारी जग्गा वा अन्यको नाममा रहेको भूमिमा वर्षौंदेखि बस्दै आएका छन् ।

## २.२ भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायको अवस्था

गौरीगंगा नगरपालिकामा भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायहरूको अवस्था अझै पनि कमजोर र असुरक्षित छ । विशेषगरी दलित, थारू, मुसहर, मुक्त कमैया-कमलरी, सुकुमबासी तथा महिलाहरू बढी समस्यामा छन् । जो पुस्तौंदेखि जग्गाविहीन भएर बसोबास गर्दै आएका छन् । उनीहरू प्रायः अन्यको नाममा रहेको जग्गा, नदीको किनार, बाँझो सरकारी भूमि वा सार्वजनिक जग्गामा अस्थायी रूपमा घर बनाएर बसेका छन् । यस्तो बसोबास कानुनी रूपमा असुरक्षित भएको कारण उनीहरू सरकारी सेवामा पहुँच, घरजग्गा लगानी, कर्जा सुविधा वा सामाजिक सुरक्षा योजनाबाट बञ्चित छन् ।

कतिपय परिवारहरूले लालपुर्जा प्राप्त गर्न लामो समयदेखि प्रयास गरिरहेका छन्, तर सरकारी संयन्त्र तथा राजनीतिक इच्छा शक्ती कम भएको कारण उनीहरू अझै अधिकारविहीन छन् । यसले उनीहरूको आत्मबल कमजोर बनाएको छ र पुस्ता-पुस्तामा गरिबी र निर्भरता निरन्तर रहिरहने अवस्था सिर्जना गरेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आवास लगायतका आधारभूत सेवामा पहुँच सीमित छ, जसले उनीहरूको समग्र जीवनस्तरमा प्रतिकूल प्रभाव पारेको छ । भूमि स्वामित्वको अभावले मात्र हैन, भूमिमा आधारित पहिचान, गरिमा र सामाजिक सुरक्षा पनि हराइरहेको छ । यसैले भूमि अधिकार सुनिश्चितता नै उनीहरूको स्थायित्व र समावेशी विकासको प्रमुख आधार हो ।

## २.३ भूमिमा लैङ्गिक समानता

गौरीगंगा नगरपालिकामा भूमिमा लैङ्गिक समानताको अवस्था अझै पनि कमजोर र चुनौतीपूर्ण देखिन्छ । यद्यपि कानुनी प्रावधानहरू जस्तै संयुक्त नाममा लालपुर्जा दिने र महिलाको नाममा जग्गा दर्ता गर्दा कर छुटजस्ता नीति लागू छन्, तर व्यवहारमा महिलाको भूमि स्वामित्व अत्यन्त न्यून छ । अधिकांश सम्पत्ति पुरूषकै नाममा दर्ता हुने परम्परागत अभ्यास अझै बलियो छ, जसले महिलाको निर्णय प्रक्रियामा पहुँच, आर्थिक आत्मनिर्भरता र सुरक्षा सीमित बनाएको छ ।

विवाहपछिको जीवनमा महिलाहरू पतिको परिवारको जग्गामा बस्छन्, तर कानुनी स्वामित्व नभएकाले उनीहरूलाई घरपरिवारमा समेत अधिकारको प्रत्याभूति हुँदैन । महिला किसानहरूले भूमिमा मेहनत गरे पनि न त उनीहरूको नाममा लालपुर्जा हुन्छ, न त सरकारी सहयोगमा प्राथमिकता । दलित, आदिवासी र एकल महिलाहरू त झन् बढी प्रभावित छन्, जसले भूमि अधिकारबाट सामाजिक रूपले दोहोरो-तेहेरो विभेद झेलिरहेका छन् ।

स्थानीय सरकार र संघ-प्रदेशका कार्यक्रमहरू लैङ्गिक समानता प्रवर्द्धन गर्ने दिशामा देखिए तापनि, व्यवहारिक रूपान्तरणका लागि चेतनामूलक कार्यक्रम, महिला स्वामित्व वृद्धि पहल, र सामाजिक परम्पराविरूद्धको सहजीकरण अपरिहार्य देखिन्छ । लैङ्गिक समानता बिना भूमिसम्बन्धी न्याय सम्भव छैन ।

जनगणना २०७८ अनुसार गौरीगंगा नगरपालिकामा घर जग्गामा महिलाको स्वामित्व हेर्दा घर मात्र हुने ७२ (०.५ प्रतिशत), जग्गा मात्र हुने ८६१ (६.२ प्रतिशत) घर र जग्गा दुवै हुने ६८८ (५ प्रतिशत) मात्र छ । यसको मतलव गौरीगंगा नगरपालिकामा ११.७ प्रतिशत परिवारमा महिलाको भूस्वामित्व रहेको देखिन्छ ।



# खण्ड : ३

## सामाजिक, जनसाङ्ख्यिक तथा भूस्वामित्व एवं भोगचलनको अवस्था

### ३.१ अध्ययन गरिएका पालिकाको घर/परिवार तथा जनसङ्ख्या

गौरीगंगा नगरपालिकामा ११ वडा र ११५ टोल छ। जसमा ११७६३ घरधुरी, १३,७८१ घरपरिवार र ६४,५५८ जनसंख्या (३४८६७ महिला र २९६९१ पुरूष) को बसोबास छ। नगरपालिकाबाट उपलब्ध सूचनाका आधारमा घर/परिवार र जनसङ्ख्या उल्लेख गरिएको छ।

**तालिका नं. १:** वडागत रूपमा समुदाय, घरधुरी र जनसङ्ख्या विवरण

| वडा नं | टोल | घरधुरी | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | चनौरा, लठैया, लठैया शिविर, माघी शिविर, माघी, मंगलपुर पछिलापुर, पशुपती, पिपल, सम्झना शिविर, शिव टोल | १४२४ | ४४९५ | ४११२ | ८६०७ |
| २ | आम बगैया, भागेश्वर, धवै पिपल चौतारा, धर्बे शान्तिपुर, कालिका, मालिका, मोहन्याल, नमुना टोल | ८६८ | २५७७ | २०११ | ४५८८ |
| ३ | आम्वारी, वासुदेव, बेलेनी बालापानी, भोजपुर, बीच टोल, गौरी टोल, शिवनगर शिविर, किरेशर टोल, शविसुन्दर, तल्लो कुचैली टोल | ९३० | ३०१५ | २४६७ | ५४८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | राजीपुर, लंगडी, राधाकृष्ण, शिवपुरान, सिमलपुर, कालिका, चेपटकला, श्रीनगर, जमुना घाडी, त्रिवेणी, बभ्काङ्गी, शान्ती टोल, सुपारी आम टोल | ११९३ | ४३७४ | ३८३४ | ८२०८ |
| ५ | जिरायत, वसन्त, सिसौरा, मगर टोल, मुक्त कमैया शिविर, कोहलपुर, लालीगुराँस, शिशु सुधार | ११२७ | २५५१ | २१२३ | ४६७४ |
| ६ | बनबेहडा, बिजयनगर, दैद्धवारी, कठौती, मोया | १२७९ | ३७१० | २९२८ | ६६३८ |
| ७ | वसन्त, इन्द्रपुर, कैलाशपुर, काम्दा, महादेवा, महुलिया, मन्कापुर, मटकौना | ११३१ | ३५९० | २९८६ | ६५७६ |
| ८ | आँधीखोला, बादीपुर, बेतनी, बिर्सना शिविर, बिर्सना टोल, चमारीपुर, देउराली, गधिनिया, लक्ष्मिनिया, लिक्मा, लिक्मा खल्ला, पिपलडाँडा, शिवशक्ती, उत्तर लिक्मा, गुलहनियाँ, मलेसिया, लिक्मा कमैया शिविर, शान्ती टोल | ११९० | ३६०७ | ३२५१ | ६८५८ |
| ९ | भगवानपुर, दुर्गा शान्ती, शंकरपुर, शान्ती, उच्चर | ९३० | २७०० | २३९४ | ५०९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शंकरपुर, एकान्तवस्ती, मसुरिया, रजिया, वनखेत, शिव टोल | | | | |
| १० | भगतपुर, काठमाडौं, रामजानकी, उदासीपुर, बेताल टोल, कानती टोल, सुन्दरपुर टोल | ७०८ | २२२५ | १८८३ | ४१०८ |
| ११ | ऐठी, चमरैया, दक्षिण कान्तिपुर, डमारीपुर, जराही टोल, झन्झटपुर, पेरहानी, शिवपुर, सितापुर, उत्तर कान्तिपुर | ७८३ | २०२३ | १७०२ | ३७२५ |
| **जम्मा** | **११५** | **११७६३** | **३४८६७** | **२९६९१** | **६४५५८** |

*स्रोतः भूपरिवेश अध्ययन तथा जनगणना २०७८*

## ३.२ घरमुलीको विवरण

गौरीगंगा नगरपालिकाको तथ्यांक अनुसार १० हजार ७२ घरधुरीमा २६.०४ महिला घरमुली र ७३.९६ प्रशित पुरूष घरमुली छन् ।

**तालिका नं. २:** घरमुलीको विवरण

| वडा नं | महिला घरमुली | | पुरूष घरमुली | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | ३१८ | २४.८४ | ९६२ | ७५.१६ | १२८० |
| २ | ३०५ | ३९.५६ | ४६६ | ६०.४४ | ७७१ |
| ३ | २५१ | ३०.४२ | ५७४ | ६९.५८ | ८२५ |
| ४ | ३९० | ३०.८३ | ८७५ | ६९.१७ | १२६५ |
| ५ | ११० | १३.२७ | ७१९ | ८६.७३ | ८२९ |
| ६ | ४२९ | ३७.२४ | ७२३ | ६२.७६ | ११५२ |
| ७ | २४२ | २५.८३ | ६९५ | ७४.१७ | ९३७ |
| ८ | २०१ | १९.७६ | ८१६ | ८०.२४ | १०१७ |
| ९ | १३३ | १६.९४ | ६५२ | ८३.०६ | ७८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | १११ | १८.९७ | ४७४ | ८१.०३ | ५८५ |
| ११ | १३३ | २१.२५ | ४९३ | ७८.७५ | ६२६ |
| **जम्मा** | २६२३ | २६.०४ | ७४४९ | ७३.९६ | १००७२ |

*स्रोतः गौरीगंगा नगरपालिका, २०८२*

## ३.३ जाति, जनजातिको विवरण

गौरीगंगा नगरपालिका एक विविध सांस्कृतिक र जातीय बनावट भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजाति, समुदायहरू बसोबास गर्दै आएका छन् । जसले यो क्षेत्रलाई सामाजिक रूपमा समृद्ध बनाए पनि विविधता व्यवस्थापनमा केही चुनौतीहरू देखापरेका छन् । सांस्कृतिक विविधताः विभिन्न जातजातिका परम्परा, भाषा, रीतिरिवाज, पर्व तथा पोशाकहरूले समृद्ध सांस्कृतिक मिश्रण बनाएको छ ।

**तालिका नं. ३:** जाति जानजातीको विवरण

| क्र.स. | जातजाती | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | बाहुन क्षेत्री | २९८३६ | ४६.२२ |
| २ | थारू | १८३३६ | २८.४० |
| ३ | दलित | १२४२६ | १९.२५ |
| ४ | जनजाती | २६५८ | ०.५४ |
| ५ | राजी | ३५० | ०.५४ |
| ६ | अन्य | ९५२ | १.४७ |
| **जम्मा** | | ६४५५८ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

गौरीगंगा नगरपालिमामा विशेष गरी विभिन्न किसिमका जातीय समुदायहरू बसोबास गर्दै आएका छन् । ती मध्ये बुहसंख्यक बाहुन तथा क्षेत्रीको बाहुल्यता रहेको छ । जसमा २९८३६ (४६ प्रतिशत) बाहुन क्षेत्री, १८३३६ (२८.४प्रतिशत) थारू छन् । थारू समुदाय ऐतिहासिक रूपमा यस क्षेत्रको आदिवासी समुदाय हो, जसको सामाजिक र सांस्कृतिक योगदान महत्वपूर्ण छ । त्यस्तै दलित १२४२६ (१९ प्रतिशत) रहेका छन् । दलित समुदाय सामाजिक विभाजनबाट पीडित भए तापनि हाल शिक्षा र सचेतनाको विकासले उनीहरूको अवस्था सुधारोन्मुख छ ।

## ३.४ घरका प्रकार

गौरीगंगा नगरपालिका एक मिश्रित भौगोलिक तथा जातीय संरचनायुक्त नगरपालिका हो । जहाँ घरको प्रकार सामाजिक, आर्थिक अवस्था, भौगोलिक पहुँच, निर्माण सामग्रीको

उपलब्धता र समुदायको सांस्कृतिक परम्परासँग जोडिएको पाइन्छ। विभिन्न घरहरूको बनोट र निर्माण शैलीले यहाँको जीवनशैली, बसोबासको अवस्था र आर्थिक क्षमतालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ ।

गौरीगंगा नगरपालिकामा पक्की घरहरूको संख्या बढ्दो छ । २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकामा ११ प्रतिशत परिवारको पक्की घर छ। प्रायः शहरी केन्द्र (धनगढीसँग सटेका वडा, बजार क्षेत्र) मा यस्ता घरहरूको प्रचलन बढी छ। इँटा वा ढुंगा प्रयोग गरेर बनाइएका तर छानामा जस्तापाता वा काठ प्रयोग गरिएका अर्धपक्की घरहरू ३३ प्रतिशत छन् । धेरैजसो ग्रामीण क्षेत्र वा सीमित आम्दानी भएका वर्गमा यस्ता घर पाइन्छन्। माटो, फुस, बाँस, काठ प्रयोग गरिएका घरहरू ५६ प्रतिशत छन् । यस्ता घरहरू विशेषगरी थारू र दलित बस्तीहरूमा पाइन्छन्। यी घरहरू सामान्यतः बाढी, पहिरो वा अन्य विपद्को उच्च जोखिममा छन् ।

## ३.५ भूमिसम्बन्धी समस्याहरू

गौरीगंगा नगरपालिकामा भूमिसम्बन्धी समस्या जटिल र बहुआयामिक छन्, जसले सामाजिक, आर्थिक र राजनीतिक पक्षमा गहिरो प्रभाव पारिरहेको छ। भूमिको स्वामित्व, उपयोग र व्यवस्थापनका विविध पक्षमा देखिएका समस्याहरूले स्थानीय विकासको सम्भावनामा प्रत्यक्ष अवरोध सिर्जना गरेका छन् ।

सबैभन्दा प्रमुख समस्या स्वामित्वसम्बन्धी असमानतासँग जोडिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गौरीगंगामा कुल १३,७८१ घरधुरी छन्, तर तीमध्ये एक ठूलो हिस्सा सीमान्तकृत समुदाय, जसमा थारू, दलित, कमैया, दलित लगायत जग्गाको कानुनी स्वामित्वबाट वञ्चित छन्। लामो समयदेखि उनीहरू खेतीयोग्य जमिनमा बस्दै आए पनि लालपुर्जाविनाको अवस्थाले सरकारी सेवा, कृषि अनुदान, कर्जा सुविधा र अन्य आर्थिक अवसरमा पहुँचबाट टाढा राखेको छ ।

नक्सांकन र अभिलेख व्यवस्थापनमा गम्भीर अपूर्णता देखिन्छ। पुराना नक्सा र अस्पष्ट रेकर्डका कारण दोहोरो स्वामित्वको विवाद, सीमाना झगडा तथा सार्वजनिक र निजी जग्गा छुट्याउन कठिनाइ हुने गरेको छ । यसले न्यायिक प्रक्रियालाई जटिल बनाउँदै भूमि उपयोग योजनामा समेत बाधा पुऱ्याएको छ ।

भूमि उपयोगसम्बन्धी समस्या अत्यन्तै गम्भीर बन्दै गएको छ। नगर क्षेत्रको अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरणका कारण कृषि योग्य जमिनमा घर, पसल, इँटा उद्योग र अन्य संरचना बनाइँदैछ । यसले उत्पादनमा गिरावट ल्याउनुका साथै खाद्य सुरक्षामा चुनौती र रोजगारीमा असर पुऱ्याएको छ ।

लैङ्गिक दृष्टिकोणले हेर्दा पनि समस्या स्पष्ट देखिन्छ । राष्ट्रिय स्तरमा मात्र ३१.५५% घरमुली महिला छन्, र गौरीगंगामा पनि महिलाको नाममा दर्ता हुने लालपुर्जा अत्यन्तै न्यून छ । परम्परागत सोच, पुरूष प्रधान संरचना र कानुनी जानकारीको अभावले महिलाहरू अझै पनि भूमि स्वामित्वबाट वञ्चित छन्, जसले उनीहरूको आत्मनिर्भरता र सामाजिक हैसियतमा असर पारेको छ ।

साथै, विस्थापित समुदाय–जसमा बाढीपीडित, संरक्षित क्षेत्रबाट विस्थापित वा वन क्षेत्रमा बसोबास गर्ने परिवारहरूको पुनर्वास नीति अस्पष्ट छ । उनीहरू वर्षौंदेखि अस्थायी बसोबास गर्दै छन्, ।

## ३.५.१ भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी

गौरीगंगा नगरपालिकामा भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या अझै समाधान भएको छैन, यद्यपि विगतमा १९ वटा आयोग गठन भएका थिए । दलित समुदाय परम्परागत रूपमा कृषि श्रममा आश्रित भए पनि अधिकांशसँग जमिनको स्वामित्व छैन । बाढी, वन क्षेत्र विस्तारजस्ता कारणले विस्थापित भएका सुकुमबासीहरू कानुनी रूपमा बसोबासको अधिकारविहीन छन् । जोखिमयुक्त स्थानमा बस्न बाध्य यी समुदायहरू शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत सेवाबाट वञ्चित छन् । यो समस्या सामाजिक, आर्थिक र नीतिगत असमानतासँग जोडिएको छ, जसले दीर्घकालीन रूपमा उनीहरूको जीवनस्तरमा प्रतिकूल असर पारिरहेको छ ।

**तालिका नं. ४ :** भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासी

| वडा नं | भूमिहीन दलित | भूमिहीन सुकुमबासी | अव्यवस्थित बसोबासी | जम्मा |
|---|---|---|---|---|
| १ | २५२ | २१४ | १३५६ | १८२२ |
| २ | ६३ | ७५ | ८६१ | ९९९ |
| ३ | ३६ | ९० | ११११ | १२३७ |
| ४ | १९४ | २५१ | १०८० | १५२५ |
| ५ | २६७ | १७१ | ७७९ | १२१७ |
| ६ | १४ | १८ | १७६५ | १७९७ |
| ७ | ६७ | १०४ | ९४७ | १११८ |
| ८ | ३० | ८६ | ६३९ | ७५५ |
| ९ | ५४ | ३१ | ७१८ | ८०३ |
| १० | ९० | ७४ | ७०४ | ८६८ |
| ११ | ३६ | १०७ | ५७५ | ७१८ |
| जम्मा | ११०३ | १२२१ | १०५३५ | १२८५९ |

*स्रोत: गौरीगंगा नगरपालिकाबाट प्राप्थ तथ्यांक २०८२*

गौरीगंगा नगरपालिकामा भूमि समस्या समाधान आयोगको कार्यविधिअनुसार ११०३ भूमिहीन दलित, १२२१ भूमिहीन सुकुमबासी र १०५३५ अव्यवस्थित बसोबासीको निवेदन सङ्कलन गरेको छ । पछिल्लो पटक बनेको भूमिसम्बन्धी समस्या समाधान आयोगले यो समस्या समाधान गर्छ भन्ने झिनो आसा पनि छ ।

## ३.५.२ जमिनको स्वामित्व

दर्ता भएको स्वामित्व नै हाम्रोमा एक मात्र सुरक्षित भूस्वामित्व हो । नगरपालिकाबाट उपलब्ध तथ्याङ्क हेर्दा समग्रमा ९६.६८ प्रतिशतको आफ्नो स्वामित्वमा जग्गा भएको बुझाउँछ । स्वामित्वको सवालमा ३.३२ प्रतिशत भूमिहीन रहेको देखिन्छ ।

**तालिका नं. ५:** घर/परिवारको आधारमा भूस्वामित्वको अवस्था

| वडा नं. | जमिनको स्वामित्व हुने | | जमिनको स्वामित्व नहुने | | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | १२२६ | ९५.७८ | ५४ | ४.२२ | १२८० |
| २ | ७५४ | ९७.८० | १७ | २.२० | ७७१ |
| ३ | ८१३ | ९८.५५ | १२ | १.४५ | ८२५ |
| ४ | १,२४२ | ९८.१८ | २३ | १.८२ | १२६५ |
| ५ | ८२३ | ९९.२८ | ६ | ०.७२ | ८२९ |
| ६ | १०६७ | ९२.६२ | ८५ | ७.३८ | ११५२ |
| ७ | ९१४ | ९७.५५ | २३ | २.४५ | ९३७ |
| ८ | ९३२ | ९१.६४ | ८५ | ८.३६ | १०१७ |
| ९ | ७६१ | ९६.९४ | २४ | ३.०६ | ७८५ |
| १० | ५८१ | ९९.३२ | ४ | ०.६८ | ५८५ |
| ११ | ६२५ | ९९.८४ | १ | ०.१६ | ६२६ |
| **जम्मा** | **९७३८** | **९६.६८** | **३३४** | **३.३२** | **१००७२** |

*स्रोतः वस्तुगत विवरण, गौरीगंगा नगरपालिका, २०८०*

गौरीगंगा नगरपालिकामा आफ्नो परिवारको स्वामित्वमा जमिन हुने ९६.६८ प्रतिशत घर/परिवार छन् । ३.३२ घर/परिवारको आफ्नो परिवारको स्वामित्वमा जमिन छैन । आफ्नो नाममा जमिन नहुनेले अरूको स्वामित्वमा रहेको जमिन उपयोग गर्दै आएका छन् ।

### ३.५.३ महिलाको भूस्वामित्व

गौरीगंगा नगरपालिकामा महिलाको भू-स्वामित्वको अवस्था समग्र रूपमा कमजोर र सीमित रहेको देखिन्छ। नेपालको संविधान तथा भूमि सम्बन्धी नीतिहरूले महिलालाई भूमि स्वामित्वमा प्रोत्साहित गरे पनि व्यवहारिक तहमा अझै महिला-केन्द्रित स्वामित्वको अवस्था सन्तोषजनक छैन । गौरीगंगाको ग्रामीण संरचना, परम्परागत सामाजिक मान्यता र पितृसत्तात्मक सोचका कारण महिलाहरूको नाममा जमिन दर्ता हुने दर निकै कम छ।

अभिलेखीय तथ्यांक अनुसार, यस नगरपालिकामा कुल भू-स्वामित्व मध्ये महिलाको प्रतिशत न्यून छ। यद्यपि पछिल्लो समयमा सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा शुल्क छुट दिने नीति ल्याएको भए पनि त्यो सुविधा प्रयोग गर्ने संख्या खासै उल्लेखनीय छैन, विशेष गरी सीमान्तकृत जातजाति, दलित तथा गरिब वर्गका महिलाहरूमा। यसको कारण आर्थिक पहुँचको अभाव, कानुनी प्रक्रियाप्रति जानकारी नहुनु, परिवारका पुरूष सदस्यको वर्चस्व र सामाजिक रूपमै महिलालाई "सम्पत्ति हस्तान्तरणको योग्य" नठान्ने मानसिकता प्रमुख छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा १३.७८ प्रतिशत महिलाको भूमिमा स्वामित्व रहेको देखिन्छ।

**तालिका नं. ६ :** भूमिमा महिलाको स्वामित्व

| क्र.स | स्वामित्वको विवरण | जमिनको स्वामित्व | |
|---|---|---|---|
| | | परिवार | प्रतिशत |
| १ | घर मात्र | ७२ | ४.५ |
| २ | जग्गा मात्र | ८६१ | ५३ |
| ३ | जग्गा र घर दुवै | ६८८ | ४२.५ |
| | **जम्मा** | **१६२१** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

गौरीगंगा नगरपालिकामा कुल परिवार मध्ये ११७६३ ( ९६.४ प्रतिशत) परिवारको आफ्नो स्वमित्वमा जमिन छ। तीमध्ये १०१४२ पुरूषको नाममा जमिन रहेको छ,

जुन ८६.२२% हो। महिलाको नाममा १६२१ (१३.७८ प्रतिशत) मात्र जमिनको स्वामित्व छ। यसले स्पष्ट देखाउँछ भने महिलाहरूको जमिनको स्वामित्व न्यून रहेको छ।[२]

## ३.५.४ अधिया/बटैया

गौरीगंगा नगरपालिकामा अधिया/बटैयाको समस्या गम्भीर सामाजिक तथा आर्थिक असमानतासँग गाँसिएको छ। यहाँका थुप्रै गरिब किसानहरू, विशेष गरी दलित र जनजाति समुदाय, जमिनको स्वामित्व नहुनाले अधिया वा बटैयामा अरूको जमिन जोत्न बाध्य छन्। अधिया प्रणालीमा उत्पादनको ठूलो हिस्सा जग्गाधनीले लिने हुँदा किसानको हातमा न्यून आम्दानी मात्रै पर्छ।

तथ्यका आधारमा, कैलाली जिल्लाको ग्रामीण क्षेत्रको ३०% भन्दा बढी परिवार अधियामा निर्भर रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्, जसमा अधिकांश महिला नेतृत्वको परिवारहरू पनि पर्छन्। तर लिखित सम्झौता नभएकाले अधियामा जोत्नेहरूले कानुनी सुरक्षा पाउँदैनन्, जसले गर्दा जबर्जस्ती जग्गाबाट हटाउने, उत्पादनको हिस्सा नदिनेजस्ता समस्याहरू बारम्बार देखिन्छन्। यसरी, गौरीगंगामा अधिया/बटैया प्रणाली गरिब र भूमिहीन वर्गका लागि श्रम शोषणको माध्यम बनेको छ।

## ३.५.६ विपद्को कहर भोग्दै विस्थापित

प्राकृतिक तथा मानवनिर्मित विपद्ले यहाँका धेरै परिवारलाई गम्भीर असर पुऱ्याएको छ। बाढी, डुबान, नदी कटान, अव्यवस्थित बसोबासका कारण यहाँका धेरै नागरिकहरू बारम्बार विस्थापित हुन बाध्य छन्।

मनसुनको समयमा दोधारा, गौरीगंगा नदी, जही दोधारा खोला, चौमाला नदी, माघी खोला, भदा खोला, बोम्सेनी खोला, लिक्मा, भरना खोला, शिवगंगा नदी, बासकोटा खोला, गडबडी खोला, चुरे खोला, दोन खोला, जमुना घाडी, चप्परकट्टा खोला, चौधरी खोला, सेती खोला, भटयारी नदी, बालुवा खोला, सुर्मिनाला, बन बेहडा खोला, घनघने खोला, कटैनी खोला, सुन्दरी खोला, कनरा नदी, सेती नदी, लोहिया कुला नाला, भस्रा नदी, सुमा लगायतका नदीहरूमा आउने बाढी तथा डुबानले ११ वटै वडाहरूमा ठूलो

[२] गौरीगंगा नगरपालिकाको वस्तुगत विवरण, २०८०

असर पार्ने गरेको छ । साथै जंगली जनावर र नदि कटानाले भूमि र उत्पादनमा पुग्ने क्षतीका कारण किसानहरू विस्थापीत भएका छन् ।

प्राकृतिक विपत्तिको अतिरिक्त, वन क्षेत्रको अतिक्रमण, जमिन अभावमा जोखिमपूर्ण स्थानमा बसोबास, र नगरपालिकाको व्यवस्थित पुनर्वास कार्यक्रम नहुनु विस्थापनको मुख्य कारण हो ।

## ३.६ खाद्य सुरक्षा

विशेष गरी साना किसान, भूमिहीन, सुकुमबासी र दलित समुदायका परिवारहरूमा खाद्य आत्मनिर्भरताको अवस्था निकै कमजोर छ । यस क्षेत्रको कृषिमा वर्षा आधारित उत्पादन प्रणाली, सिचाइको कमी, मल-बिउको अभाव र मौसमजन्य जोखिमका कारण अन्न उत्पादन पर्याप्त नहुनु प्रमुख कारणहरू हुन् ।

यसले गर्दा वर्षको ६-९ महिना उनीहरूमा खाद्य असुरक्षा रहने सम्भावना हुन्छ, विशेष गरी वर्षा नपरेको वा विपद् परेको अवस्थामा । केही परिवारले ९-१२ महिना खान पुग्ने उत्पादन गरे पनि त्यो प्रतिशत थोरै मात्र छ । यो अवस्थालाई सुधार गर्न स्थानीय सरकार तथा सरोकारवाला संस्थाहरूले सघन कृषि कार्यक्रम, सिचाइ सुविधा र पोषण सुरक्षामा ध्यान दिनुपर्ने देखिन्छ ।



# खण्ड : ४

## भूउपयोग तथा जलवायु परिवर्तनले भूमि-कृषि क्षेत्रमा पारेको प्रभाव

गौरीगंगा नगरपालिकामा भूउपयोगको परिवर्तन र जलवायु परिवर्तनले भूमि-कृषि प्रणालीमा गहिरो असर पारेको छ । कृषि योग्य जमिन बस्ती विस्तार, सडक निर्माण र अन्य पूर्वाधार विकासमा रूपान्तरण हुँदै जाँदा खेतीयोग्य क्षेत्र घट्दै गएको छ, जसले खाद्य सुरक्षामा प्रत्यक्ष चुनौती सिर्जना गरेको छ ।

जलवायु परिवर्तनका कारण बाढी, डुबान र जमिन कटानजस्ता प्राकृतिक जोखिमहरू बढेका छन् । यसले किसानको लगानीमा क्षति पुऱ्याउँदै उत्पादनमा अस्थिरता ल्याएको छ । परिणामस्वरूप, किसानहरू परम्परागत बालीबाट हटेर नगदे बालीतर्फ आकर्षित भए पनि जलवायुको अनिश्चितताले नयाँ समस्या थपेको छ ।

यस चुनौतीलाई सम्बोधन गर्न भूमिको अनुशासित र दीगो उपयोग, जलवायु अनुकूल कृषि अभ्यास र स्थानीय सरकार, किसान तथा सरोकारवालाबीच प्रभावकारी सहकार्य अत्यावश्यक छ । यदि भूमि-कृषि नीतिहरू समयमै परिमार्जन र कार्यान्वयन गर्न सकिएन भने दीर्घकालीन खाद्य सुरक्षा जोखिममा पर्न सक्ने सम्भावना उच्च छ ।

## ४.१ भूमिको वर्गिकरण र उपयोग

गौरीगंगा नगरपालिकामा भूमिको वर्गिकरण र उपयोग विभिन्न प्रयोजनका लागि गरिएको पाइन्छ । यहाँको भू-उपयोग प्रथामिक रूपमा कृषिमा आधारित रहेको छ । नगरपालिकाको ठूलो हिस्सा उब्जाउ जमिनले ढाकिएको छ, जसले स्थानीय जनताको मुख्य जीविकोपार्जनको आधार कृषि बनाएको छ । धान, गहुँ, मकै, तोरी लगायतका बालीहरू प्रमुख रूपमा खेती गरिन्छ ।

कृषिको अलावा, वन क्षेत्र पनि महत्वपूर्ण भाग ओगटेको छ, जसले जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याएको छ । चरन क्षेत्र, संरक्षित क्षेत्र र सामुदायिक वनहरू पनि छन् । शहरीकरण बढ्दै गएकाले केही भूभाग आवासीय र व्यवसायिक प्रयोजनमा परिवर्तन हुँदै गएको देखिन्छ । सडक, विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालय र अन्य सार्वजनिक संरचनाहरूको विकाससँगै गैरकृषि प्रयोजनमा भूमि उपयोग बढ्दो छ ।

गौरीगंगा नगरपालिकाको कुल क्षेत्रफल २४४.४४ वर्ग किलोमिटर रहेको छ, जसमा विभिन्न प्रयोजनका लागि भू-उपयोग भएको पाइन्छ । कुल क्षेत्रफलमध्ये ४७.९४ प्रतिशत अर्थात् ११७.२५ वर्ग कि.मी. क्षेत्रफल कृषि प्रयोजनका लागि उपयोग हुने खनिज योग्य जमिन हो । यो क्षेत्र मुख्यतया कृषि उत्पादनका लागि प्रयोग हुँदै आएको छ ।

त्यसैगरी, ४४.६५ प्रतिशत अर्थात् १०६.०६ वर्ग कि.मी. जमिन वन जंगलको रूपमा प्रयोग गरिएको छ । त्यस्तै चरण क्षेत्र १.७ प्रतिशत, ताल तथा पोखरीले ४.३ प्रतिशत र २.७ प्रतिशत जमिन अन्य प्रयोजनमा उपयोग भएको छ । यसमा नदी, नाला, तालतलैया, आवासीय क्षेत्र, वन क्षेत्र, सडक आदिमा उपयोग भएको छ । नगरपालिकामा औद्योगिक क्षेत्रको उल्लेखनीय विकास नभएको भए तापनि, आवासीय तथा संरचना निर्माणको क्रम बढ्दो छ । साथै, प्राकृतिक स्रोतहरूको संरक्षणका हिसाबले पनि नदी, ताल र वन क्षेत्रहरूको भूमिका महत्पूर्ण देखिन्छ ।

नगरपालिकाको भू-उपयोगमा कृषि, बस्ती विकास, वन संरक्षण र सडक संरचना सबैको सन्तुलित योगदान देखिन्छ । यद्यपि भविष्यमा भूमि उपयोग योजनालाई अझ व्यवस्थित गर्दै, औद्योगिक क्षेत्रको विकास र वातावरण संरक्षणको समन्वयमा योजना बनाउनु आवश्यक देखिन्छ ।

**तालिका नं.** ७ भूउपयोगको अवस्था

| विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---:|---:|
| खेती योग्य जमिन | ११७.१५ | ४७.९३ |
| वनजंगल | १०६.०६ | ४४.६४ |
| चरण | ४.१३ | १.६९ |
| ताल पोखरी | १०.५ | ४.३ |
| अन्य | ६.६ | २.७ |
| **कुल क्षेत्रफल** | **२४४.४४** | **१००.००** |

*स्रोत: गौरीगंगा नगरपालिका, २०८०*

गौरीगंगा नगरपालिकाको विधमान भू-उपयोग हेर्दा नगरपालिकाको ४७.९३ प्रतिशत (११७.१५ वर्ग कि.मी.) जग्गा खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ भने ४४.६४ प्रतिशत (१०६.०६ वर्ग कि.मी.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।

गौरीगंगा नगरपालिकामा जलक्षेत्रले ४.३० प्रतिशत (१०.५ वर्ग कि.मी.) जमिन ओगटेको छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिका बासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरू अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन पश्चात कार्यक्रम तयार गरी नगरपालिकाले कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ४.२ भूउपयोगको संस्कार, संकृति तथा सामुदायिक चालचलन

गौरीगंगा नगरपालिका सामाजिक, सांस्कृतिक र जैविक विविधतायुक्त नगरपालिका हो । यहाँका भू-उपयोगका परम्परागत अभ्यासहरू समुदायको जीवनशैली, संस्कार, संस्कृति र सामूहिक सहकार्यसँग प्रत्यक्ष रूपमा जोडिएका छन् । भू-उपयोग केवल भौगोलिक संरचना वा आर्थिक क्रियाकलाप मात्र नभई सामाजिक सम्बन्ध, धार्मिक विश्वास, परम्परा र सामुदायिक सहभागितासँग समेत गहिरो सम्बन्ध राख्दछ ।

### परम्परागत भूउपयोग र संस्कार

गौरीगंगामा थारू समुदाय प्रमुख जातीय समूह हो, जसको रीतिरिवाज र सामाजिक अभ्यासले भूउपयोगमा दीर्घकालीन प्रभाव पारेको छ । खेती सुरू गर्नु अघि "परम्बा पँध्रौं", "अष्टमी" जस्ता पूजाआजा गर्ने परम्पराले भूमिप्रतिको सम्मान झल्काउँछ । भूमिको उत्पादन पूजा नगरी सेवन नगर्ने चलनले भूमिसँगको आध्यात्मिक सम्बन्धलाई बलियो बनाएको छ ।

**सामुदायिक वन, चरन र जलस्रोतः** सामुदायिक वनको उपयोग, दाउरा, घाँस तथा जडीबुटी संकलन आपसी समझदारीमा आधारित छ । चरन भूमि पनि सामूहिक स्रोतका रूपमा प्रयोग हुने परम्परा अझै कायम छ । नदी, तालतलैया र साना जलाशय धार्मिक अनुष्ठान, माछा मार्ने र पानी प्रयोगमा महत्वपूर्ण छन्, जसले भूउपयोगलाई उपयोगितामूलक मात्र नभई धार्मिक महत्व पनि दिएको छ ।

**भूमि स्वामित्व र सामाजिक संरचनाः** थारू समुदायमा जमीन पुर्ख्यौली सम्पत्तिका रूपमा परिवारभित्र बाँडफाँट हुने परम्परा छ । पछिल्लो समय भने जमीन खरिदबिक्री र बाह्य व्यक्तिको प्रवेश बढेकोले परम्परागत प्रणालीमा परिवर्तन आएको छ ।

**आधुनिकरण र परिवर्तनः** शहरीकरण, जनसंख्या वृद्धि र प्रविधिको प्रभावले खेतीयोग्य जमिन बस्ती र व्यापारिक संरचनामा रूपान्तरण भइरहेको छ । यसले परम्परागत सामूहिक प्रणालीलाई कमजोर पार्दै व्यक्तिवाद बढाउने जोखिम सिर्जना गरेको छ ।

**सामुदायिक सहकार्यः** “धान काट्ने मेलापात”, “धान रोपाइँ मेलो” र “घर निर्माणमा गाउँले जुट्ने” परम्पराले सामुदायिक सहकार्य र सामाजिक एकता अझै जीवित रहेको प्रमाण दिन्छ ।

## ४.३ भूमि-कृषि क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव

जलवायु परिवर्तनले नेपालजस्ता कृषि-प्रधान देशमा विविध असरहरू पारिरहेको छ । यसले विशेष गरी ग्रामीण क्षेत्रमा भूमिको उपयोग र कृषि उत्पादन प्रणालीमा प्रत्यक्ष प्रभाव पारिरहेको पाइन्छ । गौरीगंगा नगरपालिका पनि यस्तो प्रभावको अपवाद छैन । यहाँको भूमिउपयोग परम्परागत रूपमा कृषि, वन, चरन र जल स्रोतमा आधारित रहेकाले जलवायु परिवर्तनका कारण देखिएका परिवर्तनहरू यथार्थमै गम्भीर छन् ।

**वर्षा प्रणालीमा अनियमितताः** पहिले नियमित र अनुमानयोग्य हुने वर्षा अहिले अस्थिर बनेको छ । कहिले अत्यधिक वर्षा भई बाली डुब्ने, कहिले लामो समय पानी नपरी बाली सुक्ने अवस्था बढेको छ । धान रोप्ने समयमा पानी नपर्दा खेत बाँझिने र गहुँ उत्पादनमा अनियमित वर्षाका कारण क्षति हुने समस्या सामान्य बनेको छ । यसले परम्परागत बाली चक्रलाई अव्यवस्थित बनाउँदै उत्पादनमा गिरावट ल्याएको छ ।

**तापक्रम वृद्धि र कीरा-रोगको प्रकोपः** तापक्रम बढेसँगै नयाँ कीरा र रोगहरू देखा पर्न थालेका छन् । धानमा ब्लास्ट, गहुँमा रतुवा र तरकारीमा एफिड्स तथा क्याटरपिलरको प्रकोप बढेको छ । यसले कीटनाशक प्रयोगमा वृद्धि गराउँदै माटो र वातावरणमा दीर्घकालीन असर पार्ने जोखिम बढाएको छ ।

**सिँचाइ र जल स्रोतमा चुनौतीः** यद्यपि गौरीगंगा जल स्रोतका हिसाबले समृद्ध क्षेत्र मानिन्छ, जलवायु परिवर्तनका कारण इनार, नहर र साना खोलानालामा पानीको मात्रा घट्दै गएको छ । गर्मीयाममा खोला र पोखरी सुक्ने समस्या बढेसँगै सिँचाइमा निर्भर खेतीमा चुनौती थपिएको छ, जसले भूमिको उपयोग क्षमता घटाएको छ ।

**भूक्षय, बाढी र माटोको क्षतिः** अनियमित वर्षा र वन विनाशका कारण केही वडामा बाढी र भूक्षयको समस्या बढेको छ । सतहको मलिलो माटो बगेर जमिन बन्जर बन्दै गएको छ, जसले भूमिको दिगोपनमा प्रत्यक्ष असर पारेको छ ।

**कृषि उत्पादन र खाद्य सुरक्षामा असरः** यी सबै कारणले गर्दा खाद्यान्न उत्पादनमा उल्लेखनीय गिरावट आएको छ । विगतमा आत्मनिर्भर रहने परिवार अहिले बजारमा अन्न किन्न बाध्य भएका छन्, जसले खाद्य सुरक्षामा गम्भीर चुनौती खडा गरेको छ ।

साना किसान, दलित, महिला तथा टाढाका बस्तीमा बस्ने कृषकहरूमा यसको प्रभाव अझ बढी देखिन्छ ।

**सामाजिक परिवर्तन र वैदेशिक रोजगारीः** कृषिबाट आम्दानी घटेसँगै युवाहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भएका छन् । खेतीपातीमा महिलाको जिम्मेवारी बढेको भए पनि जलवायु परिवर्तनले कामको बोझ अझ बढाएको छ । यसले कृषि प्रणालीलाई दीर्घकालीन रूपमा कमजोर बनाएको छ ।

**स्थानीय सरकारका प्रयासः** यी चुनौतीबीच स्थानीय सरकारले जल संरक्षणका पोखरी र ट्याङ्की निर्माण, मौसमी बाली सिफारिस, किसान प्रशिक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरेका छन् । सहकारी र सामुदायिक वनमार्फत स्रोत व्यवस्थापन, सिँचाइमा प्रविधि (जस्तै ड्रिप सिँचाइ) प्रयोग बढाउने कार्यलाई प्राथमिकता दिइएको छ ।



# खण्ड : ५

## कृषि उत्पादन र उपभोगसम्बन्धी विवरण

गौरीगंगा नगरपालिका, कैलाली कृषियोग्य भूमि र कृषि उत्पादनका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छ । तर, यहाँको कृषि प्रणाली अझै पनि परम्परागत प्रकृतिको छ, जसमा धेरै चुनौतीहरू रहेका छन् । हरेक वर्ष डुवान र नदी कटानका कारण कृषियोग्य जमिन खण्डीकृत हुँदै गएको छ र केही जमिन प्रयोगविहीन बनेका छन् । यसका अतिरिक्त, सार्वजनिक निर्माण र विकासका काममा सम्बन्धित निकायहरूबीच पर्याप्त समन्वय नहुनु, योजनाबद्ध रूपमा वस्ती विकास नगर्नु र वातावरण संरक्षणका ठोस कार्यक्रमको कमीले कृषि प्रणालीमा थप समस्या उत्पन्न गरेको छ ।

नेपालकै सन्दर्भमा कृषि क्षेत्र अर्थतन्त्रको मेरूदण्ड हो, जसले देशको कुल गार्हस्थ उत्पादनमा ठूलो योगदान पुऱ्याउँछ । ग्रामीण जनताको जीविकोपार्जन प्रत्यक्ष रूपमा कृषि क्षेत्रसँग सम्बन्धित भएकाले कृषि उत्पादन र प्रणालीलाई ग्रामीण विकासको आधार मानिन्छ । खाद्यान्न, नगदे बाली, फलफूल, पशुपक्षी, मत्स्यपालन, सिंचाइ तथा उत्पादन क्षेत्रफल जस्ता तथ्याङ्कलाई कृषि क्षेत्रको सूचकका रूपमा लिइन्छ । नेपालमा यस्ता तथ्याङ्क संकलन र व्यवस्थापनको प्रमुख जिम्मेवारी कृषि विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको जिम्मामा रहेको छ । कृषि उत्पादन वृद्धि गर्न बजार व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गौरीगंगा नगरपालिकाका ८२ प्रतिशत घरपरिवार र ६१ प्रतिशत जनसंख्या कृषि पेशमा आवद्द छन् । तर पछिल्ला वर्षहरूमा युवाशक्ति विदेश पलायन, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण र घडेरीकाकरण, बाँझो जमिन राख्ने प्रवृत्तिले कृषि क्षेत्रमा ठूलो चुनौती खडा गरेको छ ।

सिंचाइ, सडक, विजुली, सञ्चार, उद्योग र बजार जस्ता पूर्वाधारमा पर्याप्त लगानी गर्न नसक्नु र उन्नत प्रविधि नअपनाउनु कृषि विकासका मुख्य अवरोध हुन् । साथै, कृषि पेशालाई प्रतिस्पर्धात्मक, नाफामूलक र सम्मानजनक व्यवसायका रूपमा स्थापित गर्नु पनि चुनौती नै रहँदै आएको छ ।

## ५.१ सङ्लग्न कृषिको प्रकार

गौरीगंगा नगरपालिकामा कृषि प्रणाली मुख्यतः मिश्रित र पारिवारिक स्वरूपमा आधारित छ। यहाँको भौगोलिक बनावट, जलवायु, सिँचाइको पहुँच र किसानको आर्थिक अवस्था अनुसार कृषि अभ्यासहरूमा विविधता देखिन्छ।

मिश्रित कृषि प्रणाली यहाँ व्यापक रूपमा प्रचलनमा रहेको छ, जसमा एउटै खेतमा खाद्यान्न बाली, तरकारी र नगदे बालीसँगै पशुपालन पनि गरिन्छ। यसले परिवारको आहार, पशुको खाना र अतिरिक्त आम्दानीका स्रोतलाई एकसाथ सन्तुलनमा राख्न सहयोग पुऱ्याएको छ।

परम्परागतदेखि अर्ध-व्यावसायिक कृषि अभ्यास अझै पनि नगरपालिकामा व्यापक छ। अधिकांश किसानले परम्परागत तरिकाले धान, मकै, गहुँजस्ता मुख्य बालीहरू लगाउने गर्छन् भने पछिल्लो समय केही किसानहरूले तरकारी र नगदे बालीतर्फ अर्ध-व्यावसायिक शैलीमा अग्रसरता देखाएका छन्।

बहुवर्षीय बगैंचातर्फको लगानी पनि बढ्दो छ। किसानहरूले आँप, कटहर, अनार, अम्बा, केरा, लिचीजस्ता फलफूलका बगैंचाहरू विस्तार गरेका छन्। यस्तै, अदुवा, बेसार (हल्दी), प्याज, लसुनजस्ता नगदे बालीहरूको खेतीबाट पनि किसानले राम्रो आम्दानी लिँदै आएका छन्।

पशुपालन र दुग्ध उत्पादन कृषिसँगै जोडिएको अर्को महत्वपूर्ण क्षेत्र हो। प्रायः प्रत्येक परिवारले गाई, भैंसी, बाखा र कुखुरा पालन गरी आफ्ना लागि दूध, मासु र अण्डाको जोहो गर्नुका साथै आम्दानीको स्रोतको रूपमा पनि उपयोग गरिरहेका छन्।



पारिवारिक श्रममा आधारित कृषि अभ्यास गौरीगंगामा विशेष रूपमा देखिन्छ। अधिकांश कृषक परिवारका सबै सदस्यहरू खेतीपातीमा सक्रिय रूपमा संलग्न छन् । यसरी सञ्चालन हुने खेतीले परिवारको खाद्य सुरक्षालाई बलियो बनाउनुका साथै सस्तो श्रमशक्तिको उपयोगबाट आत्मनिर्भरता कायम गर्न मद्दत गरेको छ ।

प्राकृतिक स्रोतमा निर्भरता अझै पनि प्रमुख विशेषता हो । सिँचाइको सुविधा सबै ठाउँमा पुग्न नसकेको कारणले गर्दा धेरै किसान वर्षाको भरमा खेती गर्ने गरेका छन् । वर्षामा आधारित प्रणालीले उत्पादनमा अनिश्चितता ल्याए तापनि कृषकहरूले मौसमअनुसार बालीको छनोट गर्ने रणनीति अपनाएका छन् ।

## ५.२ कृषि उत्पादन र उपभोग

गौरीगंगा नगरपालिका कैलाली जिल्लामा पर्ने समथर र उर्वर जमिन भएको क्षेत्र हो । यहाँका किसानहरूले प्रायः धान, गहुँ, मकै, दालजस्ता खाद्यान्न बालीसँगै तरकारी र फलफूल पनि उत्पादन गर्छन् । धान यस क्षेत्रको मुख्य बाली हो, जुन वर्षायाममा ठूलो क्षेत्रफलमा लगाइन्छ । मकै र गहुँले खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउँछन् भने तरकारी खेतीले पारिवारिक आम्दानीमा सकारात्मक प्रभाव पारेको छ ।

गोलभेँडा, बोडी, काँक्रो, आलु, प्याजजस्ता तरकारीहरू व्यावसायिक रूपमा विस्तार हुँदै गएका छन् । यस्तै, आँप, केरा, अम्बा र लिचीजस्ता फलफूल खेती पनि क्रमशः बढ्दै गएको छ । पशुपालन, विशेष गरी गाई-भैंसी तथा कुखुरा पालन, कृषिसँगै जोडिएको छ, जसले दूध, मासु र अण्डामा आत्मनिर्भरता कायम गर्न सहयोग पुऱ्याएको छ ।

उपभोगका हिसाबले अधिकांश परिवारहरूले दैनिक खानपानको ठूलो भाग आफ्नै उत्पादनबाट पूर्ति गर्छन् । धान, तरकारी र दूधजस्ता सामग्री घरमै उपलब्ध भए पनि तेल, मसला, दाल र केही फलफूलजस्ता वस्तु बजारबाट खरिद गर्नुपर्ने अवस्था छ । तर विडम्बना के छ भने धेरै खेतीपाती गर्ने किसानसँग आफ्नै नाममा जमिन छैन । उनीहरूले अरूको जमिनमा श्रम गरेर खेती गर्न बाध्य छन् र ज्यालामा जीवन निर्वाह गर्नु पर्ने अवस्था कायम छ ।

कृषि उत्पादनमा सिँचाइ सुविधा, उन्नत बीउ, प्राविधिक सहयोग र बजार व्यवस्थापनलाई अझ सुधार गर्न सकेमा गौरीगंगा नगरपालिकाको कृषि क्षेत्रले गाउँको आर्थिक स्तर उकास्न अझ ठूलो योगदान पुऱ्याउन सक्छ । यहाँको कृषि प्रणाली पारिवारिक श्रममा आधारित मिश्रित खेती भएकाले यसलाई दिगो र आत्मनिर्भर कृषिमा रूपान्तरण गर्ने सम्भावना उच्च रहेको देखिन्छ ।

**तालिका नं. ८:** कृषि उत्पान

| वडा | कृषि उत्पादन | | | | |
|---|---|---|---|---|---|
| | अन्न | तरकारी | दलहन | तेलहन | फलफूल |
| १ | धान, गहुँ, मकै | आलु, लाटी, गोभी, खुर्सानी, बोडी, लसुन, मुला, गोलभेडा, रायो, लौका, गाजर, प्याज, काउली, | मसुरो, चना, केराउ, भटमास, अरहर | तोरी | कटहर, आँप, केरा, लिची, मेवा, अम्बा, कागती, निबुवा, नासपाती, आरू |
| २ | गुहँ, धान, मकै, कोदो | बन्दा गोभी, आलु, मुला, बोडी, रायो, काउली, फर्सी, खुर्सानी, भण्टा | मसुरो, केराउ, मास, मुँग | तोरी | मेवा, केरा, लिची, आँप, अम्बा, कागती, निबुवा, अनार, सुन्तला, नासपाती, कटहर |
| ३ | गहुँ, धान, कमै, कोदो | गोभी, काउली, मुला, आलु, बोडी, भण्टा, साग, प्याज, गोलभेडा, सलगम, गाजर | मसुरो, केराउ, चना, अरहर, राजमा | तोरी | आँप, अमला, केरा, अम्बा, मेवा, लिची, सुन्तला, आरू, कागती, कटहर, नासपाती, निबुवा, अनार सिताफल |
| ४ | धान, मकै, गहुँ | बन्दागोभी, काउली, मुला, करेला, बोडी, फर्सी, आलु सिमी, ब्रोकाउली | केराउ, चना, मसुरो, लहरी, सिमी | तोरी | आँप, कटहर, लिची, मेवा, अम्बा, केरा, अनार, नासपाती, भोगटे |
| ५ | धान, गहु, मकै कोदो | गोभी, आलु, मुला बोडी, मिसी, लौका, कुपिण्डो, चिचिन्ना, रायो, प्याज, भण्टा रायो, लौका, फर्सी, | अरहर, मसुरो, चना, मास, केराउ, भटमास | तोरी | मेवा, आँप, अम्बा, कटहर, नासपाती, अनार, अंगुर, कागती, निवुवा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घिरौला, खुर्सानी गोलभेडा | | | केरा, सुन्तला, आरू, अमला |
| ६ | धान, गहुँ, मकै | गोभी, आलु, काउली, मुला, बोडी, गाजर, साग, गोलभेडा, प्याज | मसुरो, केराउ, अरहर, चना | तोरी | केरा, आँप, लिची, अम्बा, मेवा, कटहर, नासपाती, कागती, निबुवा, |
| ७ | धान, गहुँ, मकै | आलु, गोभी, मुला, प्याज, सिमी, फर्सी, गोलभेडा, घिरौला, भण्टा, लौका, करेला, लसुन, काउली, काँक्रो | मसुरो, केराउ, बकुल्ला, चना, अरहर | तोरी | आँप, केरा, कटहर, अम्बा, लिची, कागती, भोगटे, मेवा, कुपिण्डो |
| ८ | धान, मकै, गहुँ, कोदो | आलु, भोगी, गोलभेडा, मुला, साग, बेसार, प्याज, लसुन, करेला, घिरौला, सिमी, भण्टा, लौका, फर्सी, गाजर, धनिया खुर्सानी, सलगम, | मसुरो, केराउ, चना, अरहर, बकुला | तोरी | आँप, कटहर, केरा, अम्बा, लिची, सरिफा, भोगटे, नासपाती, सुन्तला, कागती, निवुवा, अमला, अनार, मौसम, सुपारी, नरिवल |
| ९ | गहुँ, धान, मकै, जौ, लाही | आलु, गोभी, काउली, साग, प्याज, गोलभेडा, मुला, पिडालु, सलगम, लौका, फर्सी, काँक्रा, करेला, पिडालु, गाजर, सिमी, सलगम, खुर्सानी, मेथी, कुपिण्डो | मसुरो, चना, केराउ, मास, अरहर, बोडी, भटमास, बकुला | तोरी | आँप, केरा, मेवा, अम्बा, कटहर, लिची, कागती, नासपाती, निबुवा, अनार, भोगटे, आरू |
| १० | धान, मकै, | आलु, गोभी, गोलभेडा, खुर्सानी, साग, लौका, फर्सी, | चना, मसुरो, केराउ, मास, भटमास, | तोरी | आँप, अम्बा, कटहर, मेवा, लिची, कागती, |

| | | | | | |
|---|---|---|---|---|---|
| | गहुँ, कोदो, | काउली, मुला, घिरौला, चिचिन्डो, गाजर, सिमी, पिडालु, | अरहर, राजमा | | भोगटे, केरा, सरिफा, किम्बु, नासपाती |
| ११ | धान, गहुँ, मकै, कोदो | लौका, काँक्रा, करेला, फर्सि, कुपिण्डो, प्याज लसुन, साग, गोभी, आलु, मुला, बोडी, खुर्सानी, सिमी, गोलभेडा, भण्टा | मसुरो, चना, केराउ, मास, सिल्डु, मुँग, बकुला, अरहर | तोरी | आँप, केरा, नासपाती, अम्बा, कटहर, कागती, बयर, सिताफल, सुन्तला, अंगुर |

*स्रोतः समुदाय तहमा गरिएको नक्साङ्कन, २०८१*

## ५.३ कृषक समूहको विवरण

यस नगरपालिकामा २०७४ सालसम्ममा नगरपालिकाको कृषि केन्द्रमा कुल ३२ वटा कृषक सहूहरू दर्ता भएको पाइन्छ । जसमध्ये महिला कृषक समूहहरू २० रहेका छन् भने पुरूष कृषक समूहहरू २ रहेका छन् । यस केन्द्रमा मिश्रीत कृषक समूहहरूको संख्या १० देखिन्छन् । यही आर्थिक वर्षसम्ममा यी समूहहरूको हितकोष रकम ६२ लाख १० हजार ९ सय ५ संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ ।

## ५.४ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्रयाक रोग, जरा कुहिने, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् ।



## ५.५ कृषि पकेट क्षेत्रको बिबरण

गौरीगंगा नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

## ५.६ जग्गाको उर्वराशक्ति

नगरपालिकाको ठूलो क्षेत्रफल समथर भू-भागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा गौरीगंगा नगरपालिकामा रहेका उर्वरा क्षेत्र हाल वस्ती विकासको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । नगरको समथर भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

# खण्ड : ६

## मुख्य सवाल, सुझाव र निष्कर्ष

### ६.१ मुख्य सवाल

जग्गाको स्वामित्व प्रमाणिकरण र नक्सा प्रशासनमा स्पष्टता अभाव छ। यसले किसान र स्थानीय बासिन्दाहरूलाई आफ्नो जमिनको अधिकार सुनिश्चित गर्न गम्भीर चुनौती सिर्जना गरेको छ। धेरै परिवारहरू अझै कित्ताकाट, पुर्जा वितरण र नामसारी जस्ता प्रशासनिक प्रक्रियामा अल्झिएका छन्।

भू-उपयोगको असन्तुलन गम्भीर रूपमा देखिएको छ। खेतीयोग्य जमिन क्रमशः आवासीय तथा व्यावसायिक प्रयोजनतर्फ रूपान्तरण हुँदै गएको छ, जसले दीर्घकालीन रूपमा खाद्य सुरक्षामा प्रत्यक्ष असर पुऱ्याइरहेको छ।

भूमिहीन तथा सीमान्तकृत समुदायको भूमि पहुँच अझै जटिल र संवेदनशील छ। यससँगै, आरक्ष पीडितहरूको समस्या पनि विकराल रूपमै विद्यमान छ, जसको समाधानका लागि नीति तथा व्यवहारमा विशेष ध्यान आवश्यक छ।

### भूमिहीनता

पहाडी क्षेत्रबाट बसाइँ सर्ने क्रमको ठूलो प्रभाव गौरीगंगा नगरपालिकामा परेको छ । जसमध्ये ठूलो सङ्ख्याका मानिस आफू भूमिहीन/सुकुमबासी भन्दै नदी/जङ्गल छेउछाउ बसेका वर्षौं भइसकेको छ । ठाउँ/ठाउँमा बसेका उनीहरूलाई न नगरपालिकाले भूमिहीन होइनौ भनेर प्रमाणित गर्न सकेको छ न त उनीहरूका लागि आधारभूत आवश्यकता नै पूर्ति गर्न सकेको छ । त्यसैले हिउँदमा ठण्डी छिर्ने र वर्षामा पूरै पानी चुहिने झुपडीहरूमा जिन्दगी बिताउनेको सङ्ख्या घट्न सकेको छैन ।

विशेषगरी यस्ता बस्तीमा ज्येष्ठ नागरिक, अशक्त र महिला बढी देखिने गरेका छन् । पुरूषहरू कमाउन बाहिर जाने भएकाले पनि भूमिहीनहरूका बस्ती पूरै अभावयुक्त देखिन्छ । कतिपय यस्ता बस्तीलाई राजनीतिक दलहरूकै संरक्षण प्राप्त छ भने यहाँ बस्नेहरू आफूलाई राजनीतिक दलहरूले भोट बैङ्कका रूपमा मात्र प्रयोग गरेका गुनासो गर्छन् ।

गौरीगंगा नगरपालिकामा भूमिसम्बन्धी समस्या समाधान आयोगले संकलन गरेको तथ्यांक अनुसार भूमिहीन दलित र भूमिहीन सुकुमबासी गरी २ हजार ३ सय २४ परिवार छन् ।

## सुझाव

ऐनले स्थानीय सरकारलाई आफ्ना बासिन्दाको अवस्था पहिचान गर्ने र उनीहरूको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ । हाल भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन कार्यरत भूमिसम्बन्धी समस्या समाधान आयोगले पनि स्थानीय तहसँग समन्वय गरेर तथ्यांक संकलन गर्दै आएको छ । यस कारण, नगरपालिकाले आफ्नै स्तरमा को भूमिहीन हो र को होइन भन्ने स्पष्ट पहिचान गर्नुपर्ने आवश्यकता छ । पहिचान भएका भूमिहीन परिवारलाई नियमानुसार जमिन उपलब्ध गराउने पहल तुरुन्तै गर्नुपर्छ ।

## आरक्षपीडित

शुक्लाफाँटा आरक्ष विस्तारको क्रममा जग्गा धनी पुर्जा भएका व्यक्तिहरूलाई मुआब्जा दिइए पनि ऐलानी क्षेत्रमा बसेका पुर्जाबिहीन सयौँ परिवारहरू करिब दशकौंदेखि क्षतिपूर्ति पाउनबाट वञ्चित छन् । यी आरक्षपीडित परिवारहरूले पटक-पटक आन्दोलन गर्दा पनि हालसम्म उनीहरूको माग पूरा भएका छैनन् । यस सम्बन्धमा अध्ययन र समाधानका लागि ३२ वटा समिति/आयोग गठन भए पनि करिब ४०० परिवारको समस्या अझै समाधान हुन सकेको छैन ।

## सुझाव

नगरपालिकाले यथार्थपरक रूपमा पीडित परिवारहरू पहिचान गरी उनीहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्छ । यसका लागि गठित समिति/आयोगहरूको निष्कर्षलाई आधार बनाएर सहयोगका प्रकार र स्रोत निर्धारण गर्नुपर्नेछ । यस काममा भूमि अधिकार मञ्च र सामाजिक न्याय क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले सक्रियता देखाउन आवश्यक छ ।

त्यसपछि नगरपालिकाले आफूले सम्भव हुने सेवा प्रदान गरी नसक्ने वा सीमित स्रोत भएका विषयहरू प्रदेश र सङ्घीय सरकारसामू सिफारिस गरी समस्या समाधानको दिशामा पहल गर्नुपर्ने हुन्छ ।

## ऐलानी

ऐलानी जग्गामा मानिसहरू बसोबास गरिरहेका छन्, तर सो जग्गाको कानुनी स्वामित्व उनीहरूसँग छैन । किसानहरूले खेती त गरिरहेका छन्, तर त्यो जग्गा आफ्नो नभएको हुँदा पूर्ण अधिकार र सुरक्षाबाट वञ्चित छन् । गौरीगंगा नगरपालिकामा यस्तो अव्यवस्थित बसोबासीको संख्या करिब १०,५३५ जना रहेको छ । यस अवस्थामा, एकातर्फ जमिनको सदुपयोग हुन सकिरहेको छैन भने अर्कोतर्फ पालिकाले समेत यसबाट राजस्व संकलन गर्न सकिरहेको छैन । जग्गा प्रयोग गर्ने तर अधिकार नभएकोले स्थानीयले अपनत्व महसुस गर्न सकिरहेका छैनन् र पालिकाले पनि त्यसबाट लाभ लिन नसक्दा दुवै पक्षले घाटा व्यहोर्दैछन् ।

## सुझाव

सर्वप्रथम, पालिकाको पहलमा सम्पूर्ण क्षेत्रमा नापी गरी जमिनको प्रकार स्पष्ट रूपमा छुट्याउन आवश्यक छ । त्यसपछि, ऐलानी जमिनलाई स्थानीयवासीको हितमा प्रयोग गर्न दिने वा अन्य उपयुक्त प्रयोजनका लागि लगानी गर्न सकिने व्यवस्था मिलाउनुपर्छ । जमिनको वर्गीकरणपछि, सो जग्गामा खेतीपाती गर्न प्रोत्साहन र सहयोगका लागि भूमि अधिकार मञ्च तथा सामाजिक संघसंस्थाहरूले सक्रिय भूमिका खेल्नुपर्नेछ । यसले स्थानीय समुदायलाई जग्गाप्रति अपनत्व दिलाउने र समग्र विकासमा सहयोग पुऱ्याउनेछ ।

## बाढी

गौरीगंगा नगरपालिकामा सामान्य वर्षा भएपनि कहिलेकाहीं विनाशकारी बाढी आउने गरेको छ, जसले खेतीयोग्य जमिन मात्र हैन, बस्तीहरू समेत ध्वस्त पार्ने गर्दछ । बर्सेनि आउने बाढीका कारण जमिन कटान, भासिने र डुबान हुने समस्या यहाँका लागि सामान्य घटना जस्तै भइसकेको छ । यसले स्थानीय जनजीवनमा ठूलो असर पुऱ्याइरहेको छ ।

## सुझाव

बाढी नियन्त्रणसम्बन्धी एउटा गुरूयोजना बनाउनु उचित हुन्छ । जसमा बाढी नियन्त्रणका लागि तटबन्ध बनाउने, खोला च्याप्ने, नदीको पानीलाई सिँचाइ कार्यमा प्रयोग गर्ने तथा पोखरीहरू निर्माण गरी माछा पालन जस्ता बहुआयामिक फाइदाका कामहरू समेट्नुपर्छ । यस्तो योजना बनाइसकेपछि त्यसका लागि पालिका, प्रदेश र सङ्घीय सरकारलाई गच्छेअनुसारको बजेट छुट्याउन दबाब दिनुपर्छ । यसमा यो क्षेत्रमा

कार्यरत गैरसरकारी संस्थाहरूलाई पनि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन प्रतिबद्ध गराउनुपर्छ ।

## भूउपयोग

गौरीगंगा नगरपालिकामा भूउपयोगको समस्या हाल गम्भीर बन्दै गएको छ । पहाडी क्षेत्रबाट बसाइँसराइ गरी आएका परिवारहरूले नदी र जङ्गल आसपासका जमिन अनियमित रूपमा प्रयोग गरिरहेका छन् । यसले गर्दा कतिपय क्षेत्रमा कृषि योग्य जमिनमा बस्ती विस्तार भएको छ, जसका कारण कृषि उत्पादनमा कमी आएको छ साथै बाढी र जलवायुजन्य जोखिमहरू पनि बढेका छन् । भूमि वर्गीकरण नहुँदा जमिनको असङ्गठित र जथाभावी प्रयोग तीव्र रूपमा बढेको अवस्था छ ।

## सुझाव

नगरपालिकाले भूउपयोग क्षेत्र बर्गिकरण सहित भूउपयोग योजना तर्जुमा गरी कृषि, आवास, उद्योग, वनजङ्गल र सार्वजनिक लगायत दश क्षेत्रमा छुट्टाछुट्टै प्रयोगका लागि व्यवस्थापन गर्नुपर्छ। भूमिहीन परिवारलाई सुरक्षित र व्यवस्थित पुनर्वास गरी जोखिमयुक्त क्षेत्रमा बसोबास नगर्ने वातावरण बनाउनुपर्छ। उर्वर जमिनलाई कृषि उत्पादनमा मात्र प्रयोग गर्न प्रोत्साहन गर्नुपर्छ। जथाभावी प्लटिङ र अव्यवस्थित बस्ती विस्तार रोक्न सख्त कानुनी व्यवस्था गर्न जरूरी छ। भूउपयोग नीतिलाई स्थानीय विकास योजनासँग जोड्दै दीर्घकालीन पूर्वाधार विकास तथा वातावरणीय संरक्षणमा समेत ध्यान दिनुपर्छ।

## जलवायु परिवर्तनको असर

गौरीगंगा नगरपालिकामा जलवायु परिवर्तनका कारण बाढी, डुबान, कटान र असिनापानीजस्ता चरम मौसमी घटनाहरू बारम्बार देखिन थालेका छन् । असिनापानी र अत्यधिक वर्षाले कृषकको खेतीबाली नष्ट हुने, उत्पादनमा कमी आउने तथा खाद्य सुरक्षा संकट थपिने समस्या उत्पन्न भएको छ । साथै, नदी किनारको कटानले बस्ती र कृषि जमिन दुबै जोखिममा परेको छ । सुख्खा अवधिमा पानीका स्रोतहरू सुक्ने, र बाढीले जनधनको ठूलो क्षति पुर्‍याउने समस्या पनि गम्भीर रूपमा देखा परेको छ । यी प्रभाव विशेषगरी महिला, विपन्न, भूमिहीन र सुकुमबासी परिवारहरूमा अझ गहिरो परेको छ ।

## सुझाव

नगरपालिका स्तरबाट दीर्घकालीन जलवायु उत्थानशील योजना आवश्यक छ। पहिलो, बाढी र कटान नियन्त्रणका लागि नदी तटबन्ध, ग्याबियन पर्खाल र जैविक प्रविधि प्रयोग गरी जोखिम कम गर्नुपर्छ। दोस्रो, जलवायु-स्मार्ट कृषि प्रणाली जस्तै सिँचाइ विस्तार, मौसमअनुकूल बीउ प्रयोग, मल-जैविक तरिका अपनाउन प्रोत्साहन गर्नुपर्छ। तेस्रो, जोखिम क्षेत्रमा बसोबास गर्ने परिवारलाई सुरक्षित स्थानमा पुनःस्थापना गरी आवास र पूर्वाधारको पहुँच विस्तार गरिनुपर्छ। साथै, विपद् पूर्वसूचना प्रणाली, स्थानीय चेतना अभिवृद्धि र समुदायको सक्रिय सहभागिता सुनिश्चित गरेर मात्रै दीर्घकालीन रूपमा जलवायु परिवर्तनको असर घटाउन सकिन्छ।

# ६.२ निष्कर्ष

गौरीगंगा नगरपालिकाको भूमिसम्बन्धी अवस्था समग्रमा जटिल, असमान र चुनौतीपूर्ण रहेको देखिन्छ । मुख्य रूपमा कृषि आधारित भू-उपयोग भए तापनि, अनियमित बसोबास, तीव्र शहरीकरण र पूर्वाधार विकासका कारण खेतीयोग्य जमिनमा निरन्तर कमी आएको छ । धेरै नागरिक वर्षौंदेखि यहाँ बसोबास गर्दै आए पनि कानुनी स्वामित्व नहुँदा उनीहरू अधिकार र सामाजिक सुरक्षाबाट वञ्चित भएका छन् । विशेषगरी दलित, थारू, मुक्त कमैया-कमलरी, सुकुमबासी तथा महिलाजस्ता सीमांतकृत समूहहरूले भूमिमा पहुँच पाउन नसक्दा जीवनस्तरमा नकारात्मक प्रभाव परेको छ ।

भूमिसम्बन्धी असमानताले सामाजिक विभेदलाई झन गहिरो बनाएको छ । महिलाहरूको भूमिस्वामित्व न्यून हुँदा उनीहरूको आर्थिक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागिता सीमित हुँदै आएको छ, जसले परिवार र समाजमा समानतामाथि असर पुर्‍याएको छ । जलवायु परिवर्तनका प्रभावहरूले परम्परागत कृषिमा ठूलो चुनौती ल्याएका छ; अस्थिर वर्षा, बाढी, भूक्षय र कीरा-रोगले कृषकहरूको उत्पादन क्षमता र खाद्य सुरक्षा संकटमा पारेको छ। यसले कृषिमा आधारित जीवनशैली जोखिमपूर्ण बनाइरहेको छ र युवा पुस्तालाई वैदेशिक रोजगारी तर्फ धकेलेको छ ।

परम्परागत सामूहिक भू-उपयोगका अभ्यासहरूले सामुदायिक एकता र सहकार्य कायम राख्दै आए पनि आधुनिकरण, जनसंख्या वृद्धि र शहरीकरणले ती संरचनाहरू कमजोर बनाएको छ । नक्सांकन र अभिलेख व्यवस्थापनमा सुधार नहुँदा दोहोरो दाबी, सीमाना विवाद र अव्यवस्थित भूमिको प्रयोग बढेको छ। अधिया-बटैया प्रणालीले गरिब र भूमिहीन वर्गको श्रम शोषण जारी राखेको छ भने प्राकृतिक र मानवसृजित विपत्तिहरूले विस्थापित परिवारहरूलाई अझ असुरक्षित बनाएको छ ।

यी जटिल समस्याहरूको प्रभावकारी समाधान स्थानीय सरकार, समुदाय र सम्बन्धित निकायबीच समन्वयात्मक, दीगो र समावेशी नीतिहरू अपनाएर मात्रै सम्भव छ । यसका लागि भूमिसम्बन्धी कानुनी सुधार, लैङ्गिक समानता प्रवर्द्धन, व्यवस्थित बसोबास व्यवस्थापन र जलवायु अनुकूल कृषि अभ्यासलाई प्राथमिकता दिनु आवश्यक छ ।

गौरीगंगा नगरपालिकामा भूमिसम्बन्धी समस्या समाधान, सामाजिक न्याय र दिगो विकासका लागि व्यापक प्रयास आवश्यक छ जसले सीमांतकृत समुदायहरूलाई भूमिमा पहुँच दिलाउनुका साथै उनीहरूको जीवनस्तर उकास्न सहयोग गर्नेछ। भूमिको सामुदायिक संस्कार, थारू समुदायको सांस्कृतिक भूमि प्रयोग र सामूहिक वन तथा चरन क्षेत्रहरूको उपयोग उल्लेखनीय छन् । यद्यपि, तीव्र शहरीकरण र संरचना निर्माणले कृषियोग्य जमिन घटाउँदै गएकोले खाद्य उत्पादन र परम्परागत सामूहिक उपयोग प्रणालीमा दबाब बढिरहेको छ ।

जलवायु परिवर्तन र मौसमको अनिश्चितताले भूमि र कृषि क्षेत्रमा थप जोखिम सिर्जना गरेको छ । बाढी, डुबान, सुख्खा र जमिन कटानका समस्या हरेक वर्ष बढ्दै गएका छन्, जुन दीगो कृषि विकास र खाद्य सुरक्षाका लागि गम्भीर चुनौती हुन् ।

गौरीगंगा नगरपालिकामा भूमिसम्बन्धी अधिकार, लैङ्गिक समानता, आरक्ष पीडितको पुनःस्थापना, विपन्नता निवारण, व्यवस्थित पुनर्वास र दीगो भू-उपयोग योजना कार्यान्वयन अहिले अत्यावश्यक छन् । कानुनी स्वामित्व सुनिश्चित गर्ने, सामुदायिक सहकार्य सुदृढ पार्ने र नीति कार्यान्वयनमा स्थानीय सरकार, सरोकारवाला निकाय तथा समुदायबीच साझा पहल अनिवार्य रहेको छ ।



# अनुसूचीहरू

**अनूसुची १ :** अध्ययन गरिएको समुदाय र सहभागी संख्या

| वडा नं. | समुदाय | सहभागी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा |
| १ | वासुदेव टोल, चौमला | ६० | २७ | ८७ |
| | दैद्धवारी टोल | २६ | ८ | ३४ |
| | लठैया शिविर दक्षिण टोल | २२ | २७ | ४९ |
| | माघी शिविर | २९ | २६ | ५५ |
| | माघी टोल | ३१ | ३ | ३४ |
| | मंगलपुर | ३२ | २८ | ६० |
| | पछिलापुर टोल | १३ | १७ | ३० |
| | पशुपती टोल | १७ | २१ | ३८ |
| | पिपल टोल | २९ | २२ | ५१ |
| | सम्झना शिविर | १५ | ९ | २४ |
| | शिव टोल | ४८ | २५ | ७३ |
| २ | आमबगैया टोल | ४२ | २५ | ६७ |
| | भागेश्वर टोल | ३६ | ६१ | ९७ |
| | धवै पिपल चौतारा टोल | २६ | १९ | ४५ |
| | धवै शान्तीपुर टोल | २४ | २५ | ४९ |
| | कालीका टोल | २४ | ३६ | ६० |
| | मालिका टोल | १४ | १५ | २९ |
| | मोहन्याल टोल | २० | २१ | ४१ |
| | नमुना टोल | ३५ | ६३ | ९८ |
| ३ | आम्वारी टोल | ४३ | २९ | ७२ |
| | वासुदेव टोल | १३ | १७ | ३० |
| | बेलेनी बालापानी | ५ | ३२ | ३७ |
| | भोजपुर टोल | ४० | १४ | ५४ |
| | बिच टोल कुचैनी | २७ | १८ | ४५ |
| | गौरी टोल | ३० | २४ | ५४ |

| | | | | |
|---|---|---|---|---|
| | कालिका शिव नगर शिविर | ३३ | १२ | ४५ |
| | किरेशर टोल | १९ | ६ | २५ |
| | शिवसुन्दर टोल | ६० | ७ | ६७ |
| | तल्लो कुचैली दक्षिण | ४५ | २० | ६५ |
| ४ | दक्षिणपुर टोल | २९ | ३२ | ६१ |
| | लंगडी टोल | ६ | ३५ | ४१ |
| | राधाकृष्ण टोल | ३१ | ३३ | ६४ |
| | शिवपुरान टोल | २० | १७ | ३७ |
| | सिमलपुर टोल | १५ | २० | ३५ |
| | कालिका टोल | २४ | २० | ४४ |
| | चेपकला शिविर | ३८ | १७ | ५५ |
| | जनता श्रीनगर | ० | २१ | २१ |
| | जमुना घडी | ९ | २३ | ३२ |
| | त्रिवेणी टोल | २५ | १७ | ४२ |
| | बभ्फाङ्गी टोल | २० | २५ | ४५ |
| | शान्ती टोल | ५७ | २९ | ८६ |
| | सुपारी आम टोल | २३ | २० | ४३ |
| | जिरायत | २२ | ७ | २९ |
| ५ | वसन्त टोल | २९ | १६ | ४५ |
| | दैद्धवारी टोल | २२ | १७ | ३९ |
| | मगर टोल | ४१ | २३ | ६४ |
| | वासुदेव टोल | २३ | २१ | ४४ |
| | कोहलपूर टोल | २५ | १४ | ३९ |
| | लालिगुराँस टोल | ३६ | १० | ४६ |
| | जनजाग्रीती | ३६ | १० | ४६ |
| | शिशुसुधार टोल | ७१ | २२ | ९३ |
| | बनबेहडा टोल | ८ | ४० | ४८ |
| | विजयनगर टोल | ४८ | ३६ | ८४ |
| ६ | दैद्धवारी टोल | ३४ | १७ | ५१ |
| | कुनाखेत र राजी खेत | ७ | ३६ | ४३ |
| | मोयाटोल | ६८ | ६७ | १३५ |
| ७ | बसन्त टोल | २१ | २२ | ४३ |
| | इन्द्रपुर टोल | २५ | १२ | ३७ |

| | | | | |
|---|---|---|---|---|
| | कैलाशपुर टोल | ३७ | ४९ | ८६ |
| | कैलाशपुर टोल | ६३ | ८ | ७१ |
| | महादेवा टोल | ३१ | ४७ | ७८ |
| | महुलिया टोल | १ | १४ | १५ |
| | मन्कापुर टोल | १५ | १३ | २८ |
| | मनकापुर सिमसार | १५ | १३ | २८ |
| | मटकौना | १७ | १८ | ३५ |
| ८ | दैद्धवारी टोल | १५ | २१ | ३६ |
| | बढैपुर शिविर | १० | १३ | २३ |
| | वेतानी शिविर | १८ | ३ | २१ |
| | बेटानी टोल | १४ | ७ | २१ |
| | विर्षना शिविर | १८ | ३ | २१ |
| | बिर्षना टोल | १० | २ | १२ |
| | टोल चमारीपुर | २१ | २४ | ४५ |
| | देउराली शिविर | १० | १२ | २२ |
| | वेतानी शिविर | १४ | ७ | २१ |
| | लक्ष्मनिया कटान | ७० | २७ | ९७ |
| | लिक्मा दक्षिण टोल | ३९ | १८ | ५७ |
| | लिक्मा खल्ला टोल | २० | १६ | ३६ |
| | पिपल डाँडा | १४ | ३७ | ५१ |
| | शिवशक्ति टोल | २३ | १५ | ३८ |
| | उत्तरी लिक्मा | ९ | ११ | २० |
| | गुलहनिया | ३२ | १८ | ५० |
| | मलेसिया टोल | १३ | २ | १५ |
| | लिक्मा कमैया | २२ | ७ | २९ |
| | शान्ति टोल | १९ | ६ | २५ |
| ९ | भगवानपुर | ३३ | २५ | ५८ |
| | दुर्गा शान्ति टोल | ३१ | ११ | ४२ |
| | शंकरपुर दक्षिण टोल | २४ | ३२ | ५६ |
| | शान्तिपुर टोल | १५ | १० | २५ |
| | शंकरपुर उत्तर टोल | १२ | १६ | २८ |
| | एकान्त बस्ती | १३ | २४ | ३७ |
| | मसुरिया टोल | २४ | १८ | ४२ |
| | रजिया टोल | १३ | ११ | २४ |

| | | | | |
|---|---|---|---|---|
| | वनखेत | १४ | २६ | ४० |
| | शिव टोल | १३ | ११ | २४ |
| १० | भगतपुर टोल | २९ | १९ | ४८ |
| | काठमाण्डु | ३८ | २९ | ६७ |
| | नुक्लीपुर | ४४ | २१ | ६५ |
| | रामजानकी उत्तर टोल | २८ | १२ | ४० |
| | उदासीपुर | १३ | ११ | २४ |
| | बेताल टोल | ११ | १८ | २९ |
| | शान्तिटोल | ३६ | १६ | ५२ |
| | शुन्दरपुर टोल | ३५ | १७ | ५२ |
| ११ | ऐठी | १२ | २३ | ३५ |
| | चमरैया | २७ | ३० | ५७ |
| | दक्षिण कान्तिपुर | २३ | ८ | ३१ |
| | डमारी पुर | १० | १८ | २८ |
| | जहारी कटानटोल | ११ | ११ | २२ |
| | झन्झटपुर | ४६ | २८ | ७४ |
| | पेरहनी | ५ | १४ | १९ |
| | शिवपुर दक्षिण टोल | ३७ | १३ | ५० |
| | शिवपुर उत्तर टोल | २० | १५ | ३५ |
| | सितापुर | ११ | ९ | २० |
| | उत्तर कान्तिपुर | १६ | १० | २६ |
| जम्मा | | **२८८५** | **२२५३** | **५१३८** |



**अनुसूची २:** भूपरिवेश अध्ययन सूचना संकलन फारम

**क. कृषि क्षेत्र :**

| क.सं. | स्थान | उत्पादनहुने चीज | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्न | दाल | तरकारी | फलफूल | अन्य |
| | | | | | | |

**ख. आवास क्षेत्र :**

| क.सं. | स्थान | परिवार संख्या | बस्तीको पृष्ठभूमि कुन समुदयको बसोवास |
|---|---|---|---|
| १ | | | |

**ग. ब्यवशायिकक्षेत्र :**

| क.सं. | स्थान | सञ्चालनमा रहेको ब्यवशाय | सम्भावनाभएको ब्यवशाय |
|---|---|---|---|
| | | | |

**घ. औद्योगिक क्षेत्र :**

| क.सं. | उद्योग सञ्चालनमा रहेको स्थान सञ्चालनमा रहेको उद्योग | उद्योग सञ्चालनकालागि सम्भावनाभएको ठाउँ र गर्न सकिने काम | सरकारले उद्योग सञ्चालनकालागि तय गरेको ठाउँ भएत्यसको बिवरण |
|---|---|---|---|
| | | | |

**ङ. खानीतथाखनिजक्षेत्र :**

| क.सं. | स्थान | सञ्चालनहुन सक्ने खानी | हालको स्थिति |
|---|---|---|---|
| | | | |

**च. बन क्षेत्र :**

| क.सं. | स्थान | रूख | बुट्यान | घाँस | जडीबुटी | खनिज | पानी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**छ. पानीकामूल, नदी,खोला, ताल, पोखरी, सिमसार क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| १ | | | |

**ज. सार्वजनिकउपयोगको क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| | | | |

**झ. धार्मिक, सांस्कृतिकमहत्वको क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| | | | |

**ञ. सरकारले आवश्यककामकालागितोकेको क्षेत्र :**

| क.सं. | स्थान | प्रयोजन(केका लागि) | हालको अवस्था |
|---|---|---|---|
| | | | |

**ट. जोखिम क्षेत्र :**

| क.सं. | स्थान | जोखिम | प्रभाव | रोकथामको सम्भावना |
|---|---|---|---|---|
| | | | | |

**ठ.पुर्नवासकालागिउपयुक्तक्षेत्र :**

| क.सं. | स्थान | कुनै योजनाभएबिवरण | सम्भावना |
|---|---|---|---|
| १ | | | |

**३. परिवर्तन स्थिति :**

| बिवरण | हालको अवस्था | ३० वर्ष अगाडी |
|---|---|---|
| खेतीपाती | | |
| खानपान | | |
| पहिरन | | |
| चाडपर्व | | |
| शिक्षा | | |
| उपचार | | |
| पशुपालन | | |
| वर्षा | | |
| हावापानी | | |
| पेशा वा आयआर्जनका क्रियाकलाप | | |
| खर्च | | |
| स्वभाव/बोलीचाली, डर, ईज्जत, मानभाव | | |
| सीप | | |
| कलासंस्कृति | | |
| अन्य | | |

## सन्दर्भ सामग्री


नगरपालिकाको वस्तुगत विवरण, २०८०, गौरीगंगा नगरपालिका, कैलाली

नगरपालिकाको नीति तथा कार्यक्रम २०१/०८२, गौरीगंगा नगरपालिका

नगर आवाधिक विकास योजना, २०७४/०७५-२०७८/२०८९

https://ekantipur.com/News-Folder/2025/07/12/

https://censusnepal.cbs.gov.np/results/np/